जनतालाई कानुनभन्दा विकास महत्वपूर्ण... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २०४ • २०८० साल पुस ६ गते शुक्रबार (22 December, Friday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

## 'काँग्रेसलाई अन्तरघातबाट जोगाउँ'

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीलाई अन्तरघातबाट जोगाउनु पर्ने बताएका छन् ।

बिहीबार जनकपुरधाम स्थित नेपाली काँग्रेस मधेश प्रदेश समितिको प्रथम सम्मेलनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका सभापति देउवाले पार्टीलाई अन्तरघातकै कारण विगतदेखि नै क्षति हुँदै आएकाले अहिलेदेखि सचेत हुनुपर्ने बताए ।

देशमा समावेशी समानुपातिकलगायतको व्यवस्थाका कारण कुनै पनि दललाई बहुमत आउने सम्भावना नभएकाले पार्टीलाई आन्तरिक कलहबाट जोगाउन सकेमा आउने दिनमा काँग्रेसले नै संघ र प्रदेश सरकारको नेतृत्व गर्ने उनले विश्वास व्यक्त गरे ।

सभापति तथा पूर्वप्रधानमन्त्री देउवाले आउने निर्वाचनमा पार्टीलाई अधिक बहुमत आउने गरी काम गर्नुपर्ने भएकाले यसको अगुवाई मधेश प्रदेशबाटै हुने धारणा राखे ।

त्यस्तै उपसभापति तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले संघीयता मुलुकका लागि आवश्यक रहेको औंल्याउँदै संघीयतालाई सशक्त बनाउनका लागि कानुन र नियमावली बनाएर अघि बढ्नुपर्ने जरुरी रहेकोले यसतर्फ हामी लागि परेको बताए ।

त्यस्तै उपसभापति तथा कानुन न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुंगले कानुन कार्यान्वयनका लागि आवश्यक नियमावली नहुँदा संघीयतालगायतका मुद्दा विरोधी आवाजलाई छिट्टै नै शिथिल पारिने बताए । उनले संघीयतासँग जोडिएका कानुन बनाउन ढिलाइ भएको खण्डमा अध्यादेशबाट पनि आवश्यक कानुनहरु ल्याउन सरकार तयार रहेको बताए ।

त्यस्तै महामन्त्री गगन थापाले मुलुकमा भ्रष्टाचार, कुशासन बढी रहेकोले संघीयता विरोधीहरुले चर्कोस्वरमा अजाव उठाउनुका कारण सरकार र नेताहरुको रवैयाले गर्दा यो अवस्थाको सृजना भएको बताए । उनले भने, 'नेताहरु आ-आफ्नो स्वार्थमा लागेर जनताप्रति उत्तरदायी नहुँदा जनता हामीप्रति असन्तुष्ट देखिएका छन् ।'

उनले बढ्दै गएको विकृति र विसंगतिलाई समाप्त पार्न केही महिनापछि कांग्रेस नेतृत्वमा गठन हुने सरकारले विद्यमान विकृति र विसंगतिलाई हटाएर देशमा सुशासन कायम गर्ने बताए । सरकारको नेतृत्व माओवादीका अध्यक्ष पुष्पकमल दाहालले गरे पनि मुलुकको नेतृत्व कांग्रेसले नै गरिरहेको बताए ।

अर्थमन्त्री प्रकाशशरण महतले प्रदेश सरकारद्वारा गरिने विकास निर्माणको कार्यमा व्यापक भष्टाचार भएको जनगुनासो आउन थालेकाले यसप्रति कांग्रेसले खबरदारी गर्नुपर्ने बताए ।

मधेश प्रदेशका सभापतिसमेत रहेका मधेश सरकारका भौतिक विकास पूर्वाधार मन्त्री कृष्ण प्रसाद यादवको सभापतित्वमा भएको सम्मेलनमा ८ जिल्लाबाट ८ सय २५ प्रतिनिधि सहभागी भएका छन् । शुक्रबार हुने बन्दसत्रमा राजनीतिक, सांगठनिक तथा आर्थिक प्रतिवेदन संशोधनसहित पारित हुने मधेश प्रदेश सभापति यादवले बताए ।

त्यस्तै काँग्रेस सहमहामन्त्री महेन्द्र यादवले मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले कांग्रेसलाई बेवास्ता गर्दै एक्लौटी ढंगले सरकार संचालन गरिरहेको भन्दै यसका लागि खबरदारी गर्नुपर्ने बताए । सम्मेलन शुक्रबार सम्पन्न हुने जनाइएको छ ।



## निधि गएनन् मञ्चमा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस मधेश प्रदेश समितिको प्रथम सम्मेलनको उद्घाटन सत्रमा पूर्व उपभापति तथा पूर्व गृहमन्त्री विमलेन्द्र निधि मञ्चमा गएनन् । उनी कार्यकर्ताहरुसंगै बसेका थिए ।

नेता निधिको गृह नगर जनकपुरधाममा भएको कार्यक्रममा उनी मञ्चमा नगएपछि चर्चाको विषय बनेको छ । मधेश प्रदेश समितिले वरियता क्रममा उनलाई केन्द्रीय सदस्यको लाइनमा राखेपछि उनी असन्तुष्ट भइ मञ्चमा नगएको एक नेताले बताए । नेता निधिलाई प्रकाश शरण महत पछि आसन ग्रहणकालागि आमन्त्रण गरिएको थियो ।

नेता निधिले सभापति शेरवहादुर देउवा पछि आफ्नो वरियता हुनुपर्ने भन्दै मञ्चमा गएनन् । आफ्नै गृह नगरमा नेता निधिलाई अपहेलना गरिएको निधि पक्षधर नेताहरुको भनाइ छ । प्रदेश समितिमा सभापति देउवा पक्षधरको वर्चस्व रहेको छ ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)

ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

ANJANI SUITE








विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क नं.
९८५४०३०५०२, ९८५४०२७५९१

५० ग्रामको रु ९५/- मात्र

UNILEVER NEPAL LIMITED

तपाईको अनुहारलाई दिनुहोस् असली ग्लो
साबुन होइन - प्रयोग गर्नुहोस् ग्लो एन्ड लभ्ली फेस वास
त्यो पनि किफायती दाममा

Glow & Lovely® FACEWASH
WITH 3X* MULTI VITAMIN FOR GLOW




*Creative Visualization
*As compared to a soap without Glow Actives

# सातबुंदे माग सहित चुरे अभियानी यादवले बुझाए सिडीओलाई ज्ञापनपत्र



**टुडे समाचारदाता**

जनकपुरधाम । विभिन्न सात बुंदे माग सहित चुरे तथा वनजंगल संरक्षण अभियानका संयोजक सुनिल कुमार यादवले जिल्ला प्रशासन कार्यालय धनुषा मार्फत प्रधानमन्त्री कार्यालयलाई ज्ञापनपत्र बुझाएको छ। संयोजक यादवले घोषणा गरेको चरणवद्ध आन्दोलन अन्तरगत विहिबार जिल्ला प्रशासन कार्यालय धनुषामा ज्ञापनपत्र बुझाएको हो। अभियानी यादवले विहिबार जिल्ला प्रशासन कार्यालय धनुषामा बुझाएको ज्ञापनपत्रमा संघिय सरकारद्वारा ढुँगा, गिटी र वालुवा विदेश निकाशी गर्ने गरी ल्याईएको विधेयक तत्तकाल खारेज गर्न माग गरेको छ । चुरे क्षेत्रको वन विनास गरी तराई मधेश क्षेत्रलाई मरुभुमीकरण बनाउने नियतका साथ वन ऐन संसोधन गरेरै भए पनि चुरे क्षेत्रमा बसोवास गर्दै आएका हुकुमवासीहरु लालपुर्जा बाड्ने सरकारी तयारी तुरुन्त बन्द गर्न माग गरिएको उल्लेख छ । त्यसैगरि प्रदेशको वन प्रशासनलाई प्रभावकारी र अनुभुतीयोग्य वनाउन वन प्रशासनको आन्तरिक सुशासनको प्रत्याभुति आम नागरिकमा गराउन माग गर्दै डिभिजन वन कार्यालयहरुमा २-३ वर्ष भन्दा बढि समय देखि कार्यरत कर्मचारीहरुको तत्काल सरुवा गर्न ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

राष्ट्रिय भुमी आयोगद्वारा मधेशी दलित, भुमीहन तथा सुकुम्वासीहरुलाई भुमी अधिकारवाट बञ्चित गरिएको प्रति मधेश प्रदेश सरकारलाई ध्यानाकर्षण गराउदै भुमीहिन सुकुम्वासीको नाममा हुकुमवासीलाई बितरण गरिएको चुरे तथा राष्ट्रिय वन क्षेत्रको जग्गाको दर्तालाई खारेजी तथा वन क्षेत्र कायम गरी वास्तविक दलित, भुमीहिन, सुकुम्वासीहरुको अधिकारका निमित मधेश प्रदेश सरकारवाट आवश्यक नीति निर्माण गर्न माग गरिएको छ भने प्रदेशको नदी नालाहरुवाट हुने अवैध ढुँगा, गिटी, बालुवाको उत्खन्न तत्काल वन्द गर्नुपर्ने बताउदै मधेशको पानी रिचार्ज जोन चुरे र सो क्षेत्र भएर वग्ने नदीहरुमा सम्भाव्यताको आधारमा ड्याम तथा पोखरीहरु निर्माण गर्न ज्ञापनपत्रमा भनिएको छ।

त्यसैगरि निवर्तमान प्रदेश वन सचिव जग्गनाथ प्रसाद जयसवालले पाएको पदिय अख्तियारीको दुरुपयोग गरेको आरोप लगाउदै उनले गरेका सम्पूर्ण खर्च विवरण उपर छानवीन गर्न माग गरेका छन् भने मारुती सिमेन्ट प्रा लिले अतिक्रमण गरेको वन बुटेनको जग्गा डिभिजन वन कार्यालय सिरहाले खारेज गरि पठाएकोमा मालपोत सिरहाको निमित्त कार्यालय प्रमुख सुधीर यादवले हालसम्म नगरेको हुनाले कारवाहीको माग गरिएको छ।

चरणवद्ध आन्दोलन अन्तरगत पुस ११ गते वन तथा वातावरण मन्त्रालयमा विरोध जुलुस प्रर्दशन सहित ज्ञापनपत्र बुझाउने र पुस १२ गते मधेश प्रहरी कार्यालयमा ध्यानाकर्षणपत्र बुझाउने कार्यक्रम रहेको छ । त्यसैगरि पुस १३ गते मधेश प्रदेशका मुख्यमन्त्री कार्यालयमा विरोध प्रर्दशन गर्दै ज्ञापनपत्र बुझाउने र पुस १७ गते सप्तरीको कोशी व्यारेज देखि हुलाकी राजमार्ग हुदै पर्साको वीरगंज सम्म चुरे संकल्प पद यात्रा गर्ने घोषीत कार्यक्रम अन्तरगत रहेको छ।

# झिझा गाउँ : 'जहाँ अझै पनि उपेक्षाको भार खेपिरहनुपरेको छ'



**टुडे समाचारदाता**

जनकपुरधाम । स्थानीय बिल्टु मण्डलले धनुषाको विदेह नगरपालिका-४ स्थित श्री राष्ट्रिय प्राविमा छोरी भर्ना गराउँदा परिवार र गाउँलेले नाइनास्ती गरिरहेका थिए। तर उनले कसैको कुरा सुन्नुभएन । नाइनास्तीको कारणचाहिँ के थियो त ? मण्डलले भने, "बदनामी कमाएको झिझा बस्तीका बालबालिकासँग बसेर किन पढाउनु भनेर नि !"

समाज र परिवारको भनाइलाई बेवास्ता गर्दै सोही विद्यालयमा भर्ना गरिएकी उहाँकी छोरी अहिले कक्षा ५ मा पढ्दै हुनुहुन्छ। त्यहाँ शिशुदेखि कक्षा ५ सम्म एक सय २४ बालबालिका पठनपाठन गरिरहेका छन् । यसमध्ये चार जनाबाहेक सबै विद्यार्थी स्थानीय पासवान र महरा अर्थात् दलित समुदायका छन् ।

"परिवार र अरु मान्छेहरूका अनेक बचन सुनियो। तर जमाना बदलिसक्यो। न झिझा झिझाजस्तो छ न त त्यहाँ बस्ने समुदायको अवस्था नै पहिलेजस्तो छ। त्यसो सोचेर भर्ना गरेको अहिले त पछुतो लागिरहेको छ। राम्रो शैक्षिक वातावरणमा पढ्न नपाएर सन्तानको भविष्य पो बिगारिरहेको छु कि...", मण्डलले संशय व्यक्त गरे। उनको भनाइ नसकिँदै वीरेन्द्र पासवान थपे, "हाम्रो पुर्खाको विगतका कुरा झिकेर अहिले पनि हामीलाई हेयको दृष्टिले हेर्छन्। तर अहिले त हामी आफ्नो क्षमता र सीपअनुसार इलम गरेर खाइरहेका छौं।"

अब छेवैमा बसेर सबैका कुरा सुनिरहनुभएका वडा नं ४ का सदस्यसमेत रहनुभएका विद्यालय व्यवस्थापन समितिका सदस्य मुकेश पासवान पनि खुले। "यो विद्यालय विसं २०१७ मा स्थापना गरिएको हो भनेर कसैले विश्वास गर्ला ? हिजोका सरकारले पनि हामीलाई उपेक्षा गऱ्यो । अहिलेका स्थानीय सरकारले पनि हाम्रा बालबालिकामाथि खेलवाड गरिरहेका छन्। कसलाई भन्नु र कति भन्नु यहाँको पीडा !", उहाँले दुःखेसो पाखे।

जनकपुरबाट करिब ३० किलोमिटर पूर्व-दक्षिणमा पर्ने झिझा बस्ती कुनै बेला 'बद्नामी' गाउँका रूपमा परिचित थियो। गरिबी, अशिक्षा र बेरोजगारीका कारण यस गाउँका पुर्खाले कृषि भन्दा अन्य पेसा बनाएर जीविका चलाउने गरेको चर्चा छ। यो बस्तीबारे कलम चलाउने गरेका पत्रकार शैलेन्द्र महतो लेख्छन्, "...पछिल्लो सयम त्यहाँका बासिन्दाको जीवन निर्वाहको तौरतरिका बदलिएको छ। वैदेशिक रोजगारी, खेतीपाती, ज्याला मजदुरी, विभिन्न पेसा व्यवसाय गरेर खान थालेका छन्।"

झिझावासीले सम्मानित जीवनका लागि अन्य पेसा व्यवसाय गर्न थालेको दशकौँ भइसक्दा पनि त्यसको बोझ अर्थात् उपेक्षाको भार अझै पनि बोक्नुपरिरहेको बताउछन् मुकेश पनि। यसको उदाहरणका रूपमा श्री राष्ट्रिय प्राविलाई लिन सकिने उनको भनाइ छ। "विद्यालयको नाम राष्ट्रिय छ तर न यो हिजो राष्ट्रिय हुनसक्यो न आज । नजिकको सरकार आइसकेपछि स्थानीयसमेत हुनसकेको छैन । कसैले स्वामित्व नै लिँदैनन् । जसले हाम्रा बालबालिकाको गुणस्तरीय आधारभूत शिक्षा पाउने अधिकार पनि खोसिदैछ", उनले भने।

यस क्षेत्रकै पुराना सरकारी विद्यालयमध्येको एक राष्ट्रिय प्राविमा विसं २०१७ मा स्थापित भएको हो । तर विद्यालयले अहिलेसम्म कागजमा बाहेक आफ्नो पहिचान झल्किने बोर्डसमेत पाएको छैन । एक बिघा १७ कठ्ठा जग्गा उपभोग गरिरहेको यो विद्यालयको नाममा त्यो जग्गा पनि छैन। यहाँ रहेका दुई-दुईकोठे तीन भवन पनि गैरसरकारी संस्थाले बनाइदिएका हुन्। तीमध्ये एउटा भवन प्रयोग नहुँदै जीर्ण भइसकेको छ । तत्कालीन पञ्चायती, बहुदलीय व्यवस्थादेखि अहिले सङ्घीय गणतान्त्रिक व्यवस्थानुसार बनेका कुनै पनि सरकारले विद्यालयको पहिचान, शिक्षक र पूर्वाधारको व्यवस्थाका लागि चासो नदिँदा आफूहरूलाई थप अपमानित महसुस हुने गरेको अधिकांश अभिभावकहरूले बताउने गरेका छन्।

अभिभावक वीरेन्द्र पासवान पुर्खा र आफ्नो पुस्ताको जीवन जेनतेन चले पनि घरआँगनमै गुणस्तरीय शिक्षा दिएर नयाँ पुस्ताको सुन्दर भविष्य बनाउने सपनामाथि समेत खेलवाड भइरहेको देखेर मन खिन्न हुने गरेको बताउछन् । "सबैले निजी स्कुलमा पढाउन सक्दैनन्। यहाँ पढ्नेको अवस्था तपाईँहरूले पनि देखिसक्नुभयो। यस्तो शिक्षाले हाम्रो बालबालिकालाई कहाँ पुर्याउँला ? यस विषयमा हामीले मात्रै बोलेर भएन, अब तपाईँहरूले पनि बोलिदिनुपर्यो", उनले आग्रह गरे।

विगत १३ वर्षदेखि यही विद्यालयमा राहत शिक्षक जयप्रकाश पासवानले स्थानीय अभिभावक, व्यवस्थापन समिति र आफूहरूले प्रयास गर्दा पनि पूर्वाधार विकास तथा शिक्षकको व्यवस्थापन गर्न नसकिएको बताए । "शिक्षक नै बस्न नमान्ने समस्या पटक-पटक आइसक्यो । विगत एक वर्षदेखि दुई जनाले रेखदेख गरिरहेका छौं । अहिले त हामीले गोठालाको जस्तै रेखदेखमात्रै गर्ने हो। त्यसबाहेक दुई जनाले के नै गर्न सकिन्छ र ! नजिकै पोखरी छ। वर्षात्मा वरिपरि डुबान हुन्छ। पर्खाल छैन । यो कुरा स्थानीय सरकार र सरोकारवालालाई पटक-पटक जानकारी गराइसकेका छौं । तर आश्वासनबाहेक कुनै सुनुवाइ भएको छैन", उनले भने।

प्रधानाध्यापक भोगेन्द्र महरानले (यादव) विद्यालयमा भौतिक पूर्वाधार र शिक्षकको व्यवस्थापन नहुँदा पठनपाठनमै समस्या भइरहेको बताए। "विसं २०७६ म यहाँ आउँदा पनि एक जनामात्रै शिक्षक थिए। पछि धेरै गुनासो गरेपछि तीन राहत शिक्षक पठाइएको पनि हो । तर फेरि हामीलाई नसोधेरै अन्त पठाइयो", उनले भने, "त्यस बीचमा हामीले गरेको मेहनत पनि खेर जान थालिसक्यो । विद्यार्थी घटिरहेका छन् । तर समस्या समाधान हुन्छ भनेर सम्झाइरहेका छौं । खै, कहिले पो समस्या समाधान होला ।" विद्यालयमा चार जनाको कुल दरबन्दी छ । सो दरबन्दीमा दुईजना शिक्षक छन् भने शिशु कक्षाका लागि एकजना शिक्षिकाको व्यवस्था गरिएको छ । अहिले दुई जनामात्रै शिक्षक हुँदा कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई दुई समूहमा राखेर एकैसाथ पढाउने गरिएको छ। पछिल्लो एक वर्षदेखि विद्यालय र नगरपालिकाबीच कुरा नमिलेर खाजा पनि रोकिएको छ।

तीनै तहका सरकारमात्रै होइन, यहाँबाट निर्वाचित सांसदहरूले पनि विद्यालयको विकासमा कुनै चासो नदेखाएको गुनासो छ । "अघिल्लोपटक एउटा सांसदलाई विद्यालयमा घेरा पर्खाल लगाउन र अत्यावश्यक काममा संसद् विकास कोषको रकम दिन आग्रह गर्यौं। उल्टै उहाँले विद्यालय छेउमै रु २५ लाख मन्दिर निर्माणमा र रु १५ लाख पोखरीको घाट बनाउनमा खर्चिए", स्थानीयवासीले एकै स्वरमा जवाफ सुनाए।

वडा नं ४ का अध्यक्ष वाजिब प्रमानीले शिक्षक व्यवस्थापनका लागि पटक-पटक कुरा गर्दा पनि अहिलेसम्म सुनुवाइ नभएको उल्टै राहत दरबन्दीका दुई शिक्षकलाई पनि नगरले अर्को विद्यालयमा काजमा पठाएको बताए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्र पासवानले विद्यालय सुधारका लागि नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलगायत सरोकारवालासँग छलफल गरेर समस्या समाधानको प्रयास भइरहेको बताए । उनले भने, "विद्यालय व्यवस्थापन समिति नहुँदा समस्या समाधानका लागि काम गर्न नसकिएको भन्ने गरिएको थियो। अहिले मेरो नेतृत्वमा समिति बनेपछि छलफल हुँदा नगरपालिकाबाट घेरा पर्खाल, भवन निर्माण र शिक्षक व्यवस्थापनको आश्वासन पाइएको छ । हेरौँ के-के हुन्छ ।"यो बस्तीमा ८७ घर पासवान र २० घर महरा समुदायका छन्। यसअघि विसं २०३५ तिर यहाँका दुई सयभन्दा बढी पासवान परिवारलाई सर्लाहीको लालबन्दीमा जग्गा दिएर पुनर्बास गराएको थियो।

# सिद्धार्थले ४३ औं वार्षिकोत्सव मनाउदै




**टुडे समाचारदाता**

जनकपुरधामाजनकपुरधामकोप्रसिद्ध नीजि विद्यालय सिद्धार्थ शिशु सदनले ४३ औं वार्षिकोत्सवमा मनाइरहेको छ । वार्षिकोत्सवको अवसरमा विद्यालयले आयोजना गरेको तीनदिवसीय कार्यक्रम अन्तरगत विहिबार रक्तदान र विद्यार्थीहरुले तयार गरेको विज्ञान सम्वन्धि कलाको प्रर्दशनी गरिएको छ।

प्रत्येक बर्ष पुस ५ गतेदेखि मनाउने वार्षिकोत्सवको अवसरमाअभिभावक,विद्यार्थीलाई प्रोत्साहन, अतिरिक्त क्रियाकलाप, समाजिक कार्य, मानव सेवा, धर्मकर्मका कार्यहरु गर्दै आएको सिद्धार्थ स्कूलले यसपाली पनि कार्यक्रमहरुलाई निरन्तरता दिएको प्रिन्सीपल राजु यादवले बताए । विहिबार पुस ५ गते प्रथम दिन पाँच वटा कार्यक्रम गरिएको थियो जस अन्तरगत विहान ८ बजेदेखि ११ बजेसम्म रक्तदान कार्यक्रम, १० बजेदेखि २ बजेसम्म विज्ञान प्रदर्शनी, सोही समयमा चित्रकला प्रदर्शनी, क्राफ्ट प्रदर्शनी र कम्प्यूटर प्रविधि प्रदर्शनी कार्यक्रम राखिएको थियो।

कार्यक्रम अन्तरगत शुक्रबार पुस ६ गते विहान ८ बजेदेखि २ बजेसम्म खाद्यान्न मेला र सोही दिन जानकी वृद्धाश्रम र कबिर बाल अनाथ आश्रममा सहयोगको कार्यक्रम रहेको छ । अन्तिम दिन शनिबार मानव सेवा आश्रम जनकपुरधाममा सहयोग गर्ने कार्यक्रम रहेको प्रिन्सीपल यादवले जानकारी दिए।

# सर्वोच्च अदालतका नवनियुक्त न्यायाधीशद्वारा शपथ ग्रहण

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा सर्वोच्च अदालतका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले नवनियुक्त सर्वोच्च अदालतका न्यायाधीशलाई पद तथा गोपनीयताको शपथ गराएका छन्।

राष्ट्रपति भवन शीतल निवासमा विहिबार आयोजित समारोहमा प्रधानन्यायाधीश श्रेष्ठले नवनियुक्त न्यायाधीशहरु सारङ्गा सुवेदी, अब्दुल अजिज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुङ्गाना, सुनिलकुमार पोखरेल र बालकृष्ण ढकाललाई पद तथा गोपनीयताको शपथ गराएका हुन्। राष्ट्रपति पौडेलले बुधबार उनीहरुलाई न्यायाधीश पदमा नियुक्त गरेको थियो।

संसदीय सुनुवाइ समितिको बैठकले बुधबार सर्वोच्च अदालतको न्यायाधीशमा ६ जनाको नाम अनुमोदन गरेको थियो । उनीहरुको गत मङ्सिर २९ तथा यही पुस १ र २ गते संसदीय सुनुवाइ भएको थियो । न्याय परिषद्को गत मङ्सिर ५ गते बसेको बैठकले सर्वोच्च अदालतका लागि रिक्त ६ न्यायाधीशका लागि उहाँहरुको नाम सिफारिस गरेको थियो।

# आयोगको बैठकमा व्यापार-लगानीबारे छलफल

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल र श्रीलङ्काबीच व्यापार तथा लगानी वृद्धिका साथै पारस्परिक हित र चासोका सबै विषयमा छलफल भएको छ।

नेपाल-श्रीलङ्का संयुक्त आयोगको विहिबार यहाँ भएको बैठकमा व्यापार तथा लगानी अभिवृद्धि, दुई देशबीच हवाई सम्पर्क विस्तार, संस्कृति, पर्यटन एवं शिक्षा क्षेत्रमा सहकार्य, दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गाल खाडीको प्रयास (बिम्स्टेक) प्रक्रियालाई सुदृढ गर्ने तथा क्षेत्रीय सहयोगका साथै बहुपक्षीय मञ्चमा सहकार्य गर्ने सम्बन्धमा विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । बैठकमा नेपालको नेतृत्व परराष्ट्रमन्त्री नारायणप्रकाश साउद र श्रीलङ्काली पक्षको नेतृत्व त्यहाँका विदेशमन्त्री एमयुएम अली साब्रीले गरेका थिए।

बैठकमा काठमाडौँ-कोलम्बो हवाई सेवा प्रारम्भ भएकामा दुवै पक्षले सन्तुष्टि जनाउँदै कोलम्बो र लुम्बिनीबीच पनि हवाई सम्पर्क स्थापना गर्नेबारे छलफल भएको थियो।


## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८०/०८/२२ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : अमित कुमार शर्मा**
**सिम्बोल नं.: २१७०३५०१**
**रजिष्ट्रेशन नं.: ७८२१७०१७००८८**
**ठेगाना:जि.म. पर्सा पतैली-५**
**मो.नं.९८०४८८३२३८**

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८०/०८/२२ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : मधु कुमारी साह**
**सिम्बोल नं.: २१७०१२८५**
**रजिष्ट्रेशन नं.: ७८२१७०११०५६७**
**ठेगाना:जि.ध. जनकपुरधाम उ.म.न.पा.-११**
**मो.नं.९८००८१८८०४**

## विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको सानीमा लाइफ इन्स्योरेन्सको विमा लेख मिति २०८०/८/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : भागीरथ साह**
**विमालेख नं.: २०३०००२१८७**
ठेगाना: जि.सप्तरी, गाविस सिस्वा-बेल्ही, वार्ड नं.९
हाल : खडक न.पा., वार्ड नं. २, बेल्ही, सप्तरी
**मो.नं. ९८१४७०३९९०**



## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने। |
| बृष | : भ्रमण अवसर हुने। |
| मिथून | : अवसर प्राप्त। |
| कर्कट | : वाद विवादबाट बच्नु। |
| सिंह | : पुरस्कार प्राप्त लाभ। |
| कन्या | : नयाँ कार्य हुने। |
| तुला | : बौद्धिक क्षमता। |
| बृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : शिक्षामा उन्नति। |
| मकर | : पारिवाहिक सुख। |
| कुम्भ | : धन वृद्धि सञ्चय। |
| मीन | : प्रेम प्रसंग, मित्र सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



नेपाली कांग्रेसको विहिबार र शुक्रबार हुने मधेस प्रदेशको प्रथम प्रदेश सम्मेलनमा सहभागी हुन जनकपुरधाममा आएका नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई स्वागत गर्दै नेता तथा कार्यकर्ता । तस्विरः रासस

# नदीबाट ढुङ्गा बालुवा उत्खनन्

**टुडे समाचारदाता**

रौतहट । रौतहटको वृन्दावन नगरपालिका अन्तर्गत पर्ने बागमती नदीबाट अवैध रूपमा ढुङ्गा बालुवा झिक्ने काम भइरहेको पाइएको छ ।



नगरपालिकाको कार्यालयले जनाएअनुसार पालिकासँग सहमति नलिइ चारवटा 'एक्स्काभेटर' प्रयोग गरी सर्लाही बरहथवाका ठेकेदार रामचन्द्र सहनीले अवैधरुपमा नदीजन्य पदार्थ उत्खनन् गरिरहेका छन् ।

नदीजन्य पदार्थ उत्खनन् भइरहेको सूचना पाएपछि दुई जना सुरक्षाकर्मी र जिल्ला समन्वय समितिका एक जना पदाधिकारीसहित नदीमा पुग्दा ठेकेदारका कामदारले हातपात गर्न खोजेपछि त्यहाँबाट फर्किएको नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रासनारायण पटेलले जानकारी दिए ।

उनकाअनुसार एक्स्काभेटर प्रयोग गरी उत्खनन् गरेको नदीजन्य पदार्थ वृन्दावन नगरपालिका -१ मा रहेको शिवम् क्रसर उद्योगमा बिक्री गरेको जानकारी भएको छ । उक्त उद्योग अनधिकृतरुपमा सञ्चालित छ ।

वृन्दावन नगरपालिका प्रमुख विनोदप्रसाद कुर्मी र बरहथवा नगरपालिका प्रमुख कल्पनाकुमारी कटुवालबीच भएको वार्ताले आफ्नै क्षेत्रमा एक्स्काभेटर चलाइ नदीजन्य पदार्थ निकाल्न ठेकेदारलाई आग्रह गरिएको भए पनि अटेर गरेको स्थानीयको भनाइ छ ।

नदीबाट जथाभावी गिट्टी, बालुवा, ग्राभेल तथा ढुङ्गा उत्खनन् गर्दा वर्षायाममा गाउँबस्तीमा बाढी पस्ने त्रास रहेको स्थानीय सिताराम पटेलले बताए ।

# गाँजा बरामद



**टुडे समाचारदाता**

जनकपुरधाम । सशस्त्र प्रहरीले ठूलो परिमाणमा लागूऔषध गाँजा बरामद गरेको छ । ८ वटा बोरामा प्याक गरी राखिएको करिब २ सय ४० केजी गाँजा सशस्त्र प्रहरी बल बोडर आउट पोस्टले बिहीवार हनुमाननगर कंकालिनी नगरपालिका ८ कोशी पलार क्षेत्रबाट बरामद गरेको छ ।

सशस्त्र प्रहरीको बर्साइन स्थित टोलीले सो परिमाणको गाँजा बरामद गरेको सशस्त्र प्रहरीबल नेपाल नं ६ गण हेडक्वाटर सप्तरीले जनाएको छ ।

लागूऔषधको रुपमा गाँजाको प्रयोग र कारोबार बढ्दै गएपछि सीमा क्षेत्रमा बढाइएको निगरानीका क्रममा उक्त गाँजा बरामद भएको सशस्त्र प्रहरी बलका सूचना अधिकारी नायब उपरीक्षक मोहनराज विष्टले जानकारी दिए ।

बरामद गाँजा बिहीबार नै नेपाल प्रहरीको जिम्मा लगाइ गाँजा लुकाइ राख्ने आरोपिबारे थप अनुसन्धान भइरहेको उनले बताए । भारतीय सीमासंग नजिक पर्ने उक्त स्थानमा तस्करहरुले गाँजा लुकाइ राख्ने र रातिको समयमा प्रहरीको आँखा छलेर भारतीय बजारमा पुऱ्याउने गरेको जानकारी पाएपछि त्यस क्षेत्रमा निगरानी कडा पारिएको सशस्त्र प्रहरीले जनाएको छ ।

# उखु किसानको आन्दोलन जारी

**टुडे समाचारदाता**

सर्लाही । सरकारले बुधबार उखुको मूल्य निर्धारण गरे पनि सर्लाहीका उखु किसानले एक सातादेखि जारी राखेको आन्दोलनलाई निरन्तरता दिएका छन् ।

मन्त्रिपरिषद्को बैठकले गएको वर्षको तुलनामा २५ रुपैयाँ बढाएर यो वर्षका लागि उखुको प्रतिक्वीन्टल मूल्य ६३५ रुपैयाँ तोकेको छ । त्यसमा उद्योगीले ५६५ रुपैयाँ र सरकारले अनुदानबापत ७० रुपैयाँ उपलब्ध गराउने उल्लेख छ । सर्लाहीका उखु किसानले उद्योगीको प्रभावमा परेर मूल्य तोकिएको भन्दै यो मूल्य स्वीकार नगर्ने र आन्दोलनलाई निरन्तरता दिने निर्णय गरेका छन् ।

जिल्लाका उखु किसान यो वर्ष उखुको मूल्य ७५० रुपैयाँ कायम गर्नुपर्ने र एक वर्षअघि बिक्री गरेको उखुको सरकारले दिनुपर्ने ७० रुपैयाँ अनुदान रकम यथाशीघ्र भुक्तानी गर्न माग गर्दै आन्दोलित छन् । उखु किसानले बुधबार हरिवनस्थित पूर्व-पश्चिम राजमार्गमा नाराबाजी तथा टायर बालेर केही घण्टा राजमार्ग अवरुद्ध गरेका थिए ।

नेपाल उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनि मैनालीले जालझेल गरेर तोकिएको मूल्य किसानलाई स्वीकार्य नरहेको बताए । मंसिर १७ गते कृषि तथा पशुपन्छी मन्त्रालयमा सरकार, उद्योगी र किसानका प्रतिनिधिबीच भएको छलफलमा पुनः त्रिपक्षीय बैठक गरेर मूल्य तय गर्ने निर्णय भए पनि अहिले सरकारले चिनी उद्योगका मालिकसँगको मिलेमतोमा हचुवाको भरमा मूल्य तोकेको मैनालीले गुनासो गरे ।

> मन्त्रिपरिषद्को बैठकले गएको वर्षको तुलनामा २५ रुपैयाँ बढाएर यो वर्षका लागि उखुको प्रतिक्वीन्टल मूल्य ६३५ रुपैयाँ तोकेको छ । त्यसमा उद्योगीले ५६५ रुपैयाँ र सरकारले अनुदानबापत ७० रुपैयाँ उपलब्ध गराउने उल्लेख छ । सर्लाहीका उखु किसानले उद्योगीको प्रभावमा परेर मूल्य तोकिएको भन्दै यो मूल्य स्वीकार नगर्ने र आन्दोलनलाई निरन्तरता दिने निर्णय गरेका छन् ।

उखुको मूल्यको विषयमा थप छलफल गर्न आग्रह गर्दा सरकारले सुन्दै नसुनेको मैनालीले दुःखेसो गरेका छन् । उखु किसान आन्दोलनको नेतृत्व गरिरहेका मिलगेट उखु उत्पादक समितिका अध्यक्ष राजकुमार उप्रेतीले किसानले आन्दोलन गरिहाले पाँच/दस रुपैयाँ थपिदिऊँ भन्ने हिसाबले हचुवा ढंगले उखुको मूल्य तोकिएको भन्दै असन्तुष्टि व्यक्त गरे । उनले आन्दोलनलाई निरन्तरता दिने र चिनी मिल सञ्चालन हुन नदिने जानकारी दिए । किसान संघसंगठनले चिनी मिल सञ्चालन हुन नदिँदा किसानको उखु भने दिनानुदिन खेतमै सुकेर तौल घट्दै गएको छ । चिनी मिलले उखु क्रसिङ सुरु नगर्दा किसान निराश बन्न थालेका छन् । उखु किसानले उठाएको माग सम्बोधन गर्न भन्दै इन्दुशंकर चिनी उद्योग हरिवनको मूलगेटमा तीन दिनदेखि धर्नामा बसेका माओवादी केन्द्रका कार्यकर्ता शेष इस्तिहारले पनि आमरण अनशनलाई निरन्तरता दिएका छन् ।

स्वास्थ्य अवस्था बिग्रँदै गएपछि इस्तिहारलाई बुधबारबाट स्लाइन पानी चढाएर राखिएको छ । इस्तिहारलाई मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपाने र ऊर्जा, सिँचाइ तथा खानेपानी राज्यमन्त्री शेख अबुल कलाम अजादले भेट गरी उखु किसानको समस्या समाधानका लागि प्रदेश सरकारको क्षमताले भ्याएसम्म मलखाद, सिँचाइ र कृषि विद्युतीकरणका लागि काम गर्ने र केन्द्र सरकारसँग पनि पहल गर्ने प्रतिबद्धता जनाए । प्रदेश सरकारका मन्त्रीको प्रतिबद्धतापछि पनि इस्तिहारले अनशन भने तोडेका छैनन् । प्रदेशका कृषिमन्त्री न्यौपानेले उखु किसानका सारा समस्या समेटेर आफूले संघीय सरकारका कृषिमन्त्रीलाई जानकारी गराउने र समस्या समाधानका लागि निरन्तर पहल गर्ने बताए ।

# अनुचित लेनदेनसम्बन्धी चार सय ५९ उजुरी फछ्र्यौट

**टुडे समाचारदाता**

वीरगञ्ज । अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी परेको उजुरीमध्ये हालसम्म चार सय ५९ वटा उजुरी फछ्र्यौट गरिएको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ ।

अनलाइनबाट दर्ता भएका एक हजार आठ सय ७५ उजुरीमध्ये छलफलबाट चार सय ५९ वटा उजुरी पीडितको पक्षमा फछ्र्यौट गरिएको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले जानकारी दिए ।

त्यस्तै सहमति नभएपछि दुई मुद्दा अदालतमा दर्ता भएको छ । दर्ता भएका उजुरीमध्ये नौ सय १८ उजुरीको छानबिन गर्दा चार सय ५९ वटामा दुवै पक्षबीच सहमति भएर फछ्र्यौट भएको सहायक प्रमुख जिल्ला अधिकारी लम्सालले बताए । उनका अनुसार छानबिनपश्चात ८४ कित्ताको १६ बिघा छ धुर आठ कनवा जग्गा र दुवै पक्षको सहमतिमा रु आठ करोड ८७ लाख ३५ हजार ६१ फिर्ता गराइएको छ ।

मिटरब्याजीविरुद्ध हाल अनलाइनबाट दर्ता भएका उजुरीमा सबैभन्दा बढी लेनदेन र जग्गा-जमिनसम्बन्धी मिटरब्याजपीडितको उजुरी बढी छ । कसै-कसैले थोरै रकम दिएर त्यसबापत बढीको कपाली तमसुक गरेको, दोब्बर-तेब्बरसम्म बढीको बैंक चेक धितोबापत राख्ने प्रवृत्ति रहेको पाइएको उनले बताए । परेका उजुरीको छानबिनका क्रममा दुवै पक्षबाहेक कपाली वा अन्य कागजात लेख्ने लेखापढी, साक्षीलाई समेत कार्यालयमा बोलाएर आवश्यक सोधपुछ गर्ने, आवश्यक प्रमाण खोज्ने र सहमतिका लागि अधिकतम् प्रयास गर्ने गरिएको सहायक प्रजिअ लम्सालले बताए ।

छानबिनका क्रममा लेनदेन गर्नेहरूको कागजमा उल्लेख रहेको रकम लेनदेन गर्ने हैसियत तथा आवश्यकता र स्रोत रहे/नरहेको समेत अनुसन्धान गर्ने गरिएको उनले बताए ।

# अदालतको अवहेलनासम्बन्धी मुद्दा दायर

**टुडे समाचारदाता**

काठमाण्डु । जलवायु परिवर्तनसम्बन्धी कानुन बनाउन जारी परमादेशबमोजिम हालसम्म कानुन नबनाएको भन्दै सर्वोच्च अदालतमा अवहेलना मुद्दा दर्ता भएको छ ।

सर्वोच्च अदालतले २०७५ पुस १० गते दिएको परमादेशअनुसार सरकारले अहिलेसम्म कानुन नबनाएको उल्लेख गर्दै अधिवक्ता पदमबहादुर श्रेष्ठले अदालतको अवहेलना मुद्दा दायर गरेको हो । उक्त मुद्दामा यही पुस १२ गते सुनुवाइ हुनेछ ।अदालतको आदेशमा भनिएको थियो,




"जलवायु परिवर्तनलाई अनुकूलन तथा न्यूनीकरण गर्ने सन्दर्भमा एउटा छुट्टै कानुन निर्माण गरी समस्या सम्बोधन गर्न जरुरी भएकाले जलवायु परिवर्तनसम्बन्धी एकीकृत कानुन यथाशीघ्र निर्माण गरी लागू गर्नू, गराउनू ।"

# एक वर्षमा एक हजार नौ सय ६३ विदेशी पर्यटक

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्ज भन्सार नाकाबाट एक वर्षको अवधिमा एक हजार भन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

वीरगञ्जस्थित पर्यटक प्रहरी कार्यालयका अनुसार गत २०७९ पुस १ गतेदेखि २०८० मंसिर ३० गतेसम्म सो नाकाबाट एक हजार नौ सय ६३ विदेशी पर्यटक नेपाल भित्रिएका छन् भने एक हजार नौ सय ६२ विदेशी पर्यटक बाहिरिएका छन् ।

अघिल्लो वर्ष सोही अवधिमा वीरगञ्ज नाकाबाट छ सय ५९ विदेशी पर्यटक नेपाल भित्रिएको पाँच सय पाँच विदेशी पर्यटक बाहिरिएका थिए । नेपालको हावापानी र घुमफिर गर्ने मौसमको दृष्टिकोण उपयुक्त मानिएको असोज, कात्तिक, मंसिर र पुस महिनामा नेपाल भित्रिने पर्यटकको संख्या अन्य महिनाको तुलनामा बढी रहेको पर्यटन प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव निरीक्षक अनिलकुमार महतोले जानकारी दिए ।

नेपालमा पर्यटकीय आकर्षणका क्षेत्र बढ्दै गएको, हावापानी उपयुक्त भएको र कोरोना सङ्क्रमण न्यून भइसकेकोलगायत कारणले वीरगञ्ज नाकाबाट पर्यटक भित्रिने क्रम बढेको उनले बताए । भारतको विभिन्न नाकाहुँदै वीरगञ्ज नाकाबाट नेपाल भित्रिने पर्यटकमा बढी अमेरिका, फ्रान्स, थाइल्याण्ड, जर्मनी, युएसए र क्यानडाका पर्यटक रहेको प्रहरी नायव निरीक्षक महतोले बताए ।

वीरगञ्ज नाकाबाट भित्रिने विदेशी पर्यटकलाई होटल, यातायात तथा अन्य क्षेत्रमा असुविधा वा ठगी हुन नदिन सचेत गराउनाका साथै दुर्घटनामा परी घाइते भएका विदेशी पर्यटकलाई उपचार गराई परिवारको जिम्मा लगाउने कार्यसमेत पर्यटक प्रहरी कार्यालयले गर्दै आएको उनको भनाइ थियो ।


## श्री के. एस. एच. एस.बी. माध्यमिक विद्यालय

खजुरी महुवा, जनकनन्दिनी गाउँपालिका, धनुषा, नेपाल

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०९/०४ गतेको निर्णयानुसार मिति २०८०/०७/१७ गतेको प्रकाशित विज्ञापन बमोजिम कुनै पनि उम्मेदवारहरुको निवेदन नपरेकोले पुनः दोश्रो पटक प्राविधिक धार कक्षा ११-१२ तर्फको तपसिलका रिक्त पदहरुमा निम्न योग्यता पुगेका ईच्छुक नेपाली नागरिकता प्राप्त गरेका उम्मेदवारहरुका लागि १५ दिने विज्ञापन प्रकाशन गरिएको छ ।

**तपसिल**

| विज्ञापन नं. ०१।२०८० | विज्ञापन नं. ०२।२०८० | विज्ञापन नं. ०३।२०८० |
| --- | --- | --- |
| **पदः**- मा.वि.विज्ञान शिक्षक द्वितिय श्रेणी<br>**किसिमः**- करार<br>**पद माग संख्याः**- १ (एक)<br>**न्यूनतम शैक्षिक योग्यताः**- M.sc. Physics<br>**उमेरः**- ४० वर्ष ननाघेको<br>**अनुमति पत्रः**- मा.वि. अध्यापन अनुमति पत्र<br>**परिक्षा दस्तुरः**- रु. २०००।- (दुई हजार मात्र)<br>**परिक्षाको किसिमः**- लिखित र अन्तवार्ता<br>**दरखास्त बुझाउने अन्तिम मितिः**- २०८०/०९/१८ गते सम्म<br>**फारम बुझाउने स्थान र समयः**- सम्बन्धीत विद्यालयमा विहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म | **पदः**- मा.वि.गणित शिक्षक द्वितिय श्रेणी<br>**किसिमः**- करार<br>**पद माग संख्याः**- १ (एक)<br>**न्यूनतम शैक्षिक योग्यताः**- M.sc. Math वा सोसरह<br>**उमेरः**- ४० वर्ष ननाघेको<br>**अनुमति पत्रः**- मा.वि. अध्यापन अनुमति पत्र<br>**परिक्षा दस्तुरः**- रु. २०००।- (दुई हजार मात्र)<br>**परिक्षाको किसिमः**- लिखित र अन्तवार्ता<br>**दरखास्त बुझाउने अन्तिम मितिः**- २०८०/०९/१८ गते सम्म<br>**फारम बुझाउने स्थान र समयः**- सम्बन्धीत विद्यालयमा विहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म | **पदः**- प्रशिक्षक द्वितिय श्रेणी<br>**किसिमः**- करार<br>**पद माँग संख्याः**- २ (दुई)<br>**न्यूनतम शैक्षिक योग्यताः**- M.E. सिभिल वा एक वर्ष कार्य अनुभव भएको सम्बन्धि विषयमा स्नातक उत्तिर्ण गरेको<br>**उमेरः**- ४० वर्ष ननाघेको<br>**अनुमति पत्रः**- नेपाल ईन्जिनियरिङ परिषद दर्ता प्रमाण पत्र<br>**परिक्षा दस्तुरः**- रु. २०००।- (दुई हजार मात्र)<br>**परिक्षाको किसिमः**- लिखित र अन्तवार्ता<br>**दरखास्त बुझाउने अन्तिम मितिः**- २०८०/०९/१८ गते सम्म<br>**फारम बुझाउने स्थान र समयः**- सम्बन्धीत विद्यालयमा विहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म |

**नोटः**- परिक्षा दस्तुरको लागि श्री के.एस.एच.एस.वि.मा.वि. खजुरी महुवाको नाममा रहेको कृषि विकास बैंक खजुरीको खाता नं. १००५५०१४८७७६५०१९ मा जम्मा गरेको सक्कलै भौचर फारम सँगै टाँस गरि बुझाउनुपर्ने र हालसालै खिचिएको पासपोर्ट साईज फोटो २ प्रति साथ लिई आउनुपर्नेछ । साथै विशेष जानकारीका लागि मोबाईल नं. ९८४६०८९४०८ मा सम्पर्क गर्नुहोला ।

**प्रधानाध्यापक**


# 'बीमितले देशभरका अस्पतालबाट सेवा लिनसक्ने व्यवस्था आवश्यक छ'

**टुडे समाचारदाता**


काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले स्वास्थ्य बीमा गरेका प्रत्येक नेपालीले देशभरिका तोकिएका जुनसुकै अस्पतालबाट स्वास्थ्य सेवा लिन पाउने गरी व्यवस्था गर्न सरोकारवालालाई सुझाव दिएका छन् ।



मन्त्रालयद्वारा विहिबार यहाँ आयोजित राष्ट्रिय स्वास्थ्य वित्त रणनीति कार्यान्वयन कार्ययोजना हस्तान्तरण कार्यक्रममा मन्त्री बस्नेले बिमितले जुन ठाउँमा स्वास्थ्य बीमा गरे पनि आवश्यक परेका बेला जुनसुकै अस्पतालमा गएर सेवा लिन पाउने व्यवस्था गर्नु आवश्यक रहेको बताए । स्वास्थ्य बीमाको अहिलेको व्यवस्थाअनुसार बीमितले बीमा गर्दा उल्लेख गरेको नजिकको पहिलो स्वास्थ्य संस्थाले थप उपचारका लागि रिफर गरेपछि मात्र अर्को अस्पतालमा उपचार गराउन पाइने व्यवस्था छ ।

"कर्मचारी निष्पक्ष नहुँदा बीमाप्रतिको आशङ्का बढेको छ", मन्त्री बस्नेतले भने, "यद्यपि अहिले बीमा बोर्डले सुधारका योजना सुरु गरेको छ । जुन ठाँउबाट बीमा गरे पनि बीमितले देशभरका कुनै पनि अस्पतालबाट सेवा लिनसक्ने व्यवस्था आवश्यक छ ।" कार्यक्रममा मन्त्री बस्नेतले स्वास्थ्य वित्त रणनीति कार्यान्वयनमा सबै एकजुट हुन आह्वान गरे । "रणनीति बनाउनु र पारित गर्नुभन्दा पनि महत्वपूर्ण विषय त्यसको कार्यान्वयन हो । नीति कार्यान्वयन जति चाँडो भयो, उति नै मुलुकले फाइदा लिन सक्छ", उनले भने ।

कार्यक्रममा मन्त्रालयका सचिव डा रोशन पोखरेलले मन्त्री बस्नेतलाई आधारभूत स्वास्थ्य सेवा अनुगमन दिग्दर्शन, (२०८०), राष्ट्रिय स्वास्थ्य वित्त रणनीति (२०८०/२०९०) तथा स्वास्थ्य बीमा रणनीतिक मार्गचित्र (२०२४-२०३०) हस्तान्तरण गरे । उनले ती तीनवटा दस्तावेज हस्तान्तरण गर्दै नीति कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकारले अपनत्व ग्रहण गर्नुपर्नेमा जोड दिए । स्वास्थ्य वित्त रणनीति (२०८०/९०) गत जेठमा बसेको मन्त्रिपरिषद्को बैठकबाट पारित भएको थियो । मन्त्रालयका उपसचिव बाबुराम घिमिरे, डा समीर अधिकारी र डा पुमावति थापाको संयोजनमा द्रुत परिणाम पद्धतिमार्फत उक्त रणनीति कार्यान्वयन योजनाका लागि दस्तावेज निर्माण गरिएको हो ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### गरेको वाचा पूरा गर

निर्वाचनको समयमा गरिव, विपन्नहरु संग वाचा गर्ने तर पूरा नगर्ने परिपाटी अहिले पनि कायमै रहेको छ । मुलुक लोकतान्त्रिक गणतन्त्र भइ सक्यो, संघीयता कार्यान्वयनको बाटोमा छ तर, आम जनता भने त्यसको अनुभूति गर्न सकिरहेका छैनन् । सरकारले विभिन्न योजनाहरु ल्याउने गरेका छन् तर, कार्यान्वयन पक्ष कमजोर देखिएपछि आम जनतामा भने सरकारको अनुभूति हुन सकेको छैन् । निर्वाचनको बेला घरदैलोको क्रममा जनता संग विभिन्न वाचाहरु गर्ने तर, निर्वाचनको मत परिणाम आएपछि फेरि फर्केर समेत त्यो टोल समाजमा नपुग्ने गरेका कारण जनतामा निराशा छाएको छ । जाडोको बेला गरिव विपन्नहरु भने खुला आकाश मुनि रात विताउन बाध्य भए पनि उनका जनप्रतिनिधिलाई भने कुनै मतलव नै छैन् । विभिन्न समयमा भएको आन्दोलनले प्राप्त उपलब्धि ठूलाबडाकालागि भए पनि जनता जहाँका त्यही छन् । जनतामा हुनुपर्ने उत्साह भन्दा बढी निराशाले समेत संघीयतामाथि खतरा बढ्न सक्ने भएकाले समयमै सचेत हुनु जरुरी देखिन्छ । गरिव विपन्नहरु एउटा कम्वल बिना जाडो काट्ने गरेका छन् । लोकतान्त्रिक गणतन्त्र र संघीयता आए पनि अहिलेसम्म समाजवाद स्थापना भएको देखिदैन् । समाजवाद विनाको समाजमा यस्ता यस्ता समस्या आइ नै रहन्छ । वर्तमान अवस्थामा नेपाल पुँजीवादीको हातमा रहेका कारण जनता जनतामा देखिएका असमानताले समेत उनीहरु प्रभावित भएको हुनसक्छ । मुलुकमा व्याप्त असमानता सुशासन कायम हुन नसक्नुनै रहेको भन्न सकिन्छ । मुलुकमा व्याप्त पुँजीवादको अन्त्य नभए सम्म गरिव, विपन्नहरु नत अधिकारसम्मत नै हुन्छ न त उनीहरुको जीवन स्तर नै उकास्न सकिन्छ । गरिव, असहाय, निमुखा जनताको समस्या समाधान तिर सवै पक्षले ध्यान दिनुपर्ने जरुरी देखिन्छ । तीन तहको सरकार भए पनि जनतामा देखिएका निराशा सम्वोधन गर्न तीनवटै तहका सरकार एक जुट भएर लाग्नुपर्ने अहिलेको आवश्यकता देखिन्छ ।

# राष्ट्रिय सभा निर्वाचनमा बिर्सनै नहुने केही विषय

खिमलाल देबकोटा

निर्वाचन आयोगले राष्ट्रिय सभा निर्वाचनको मिति निर्धारण गरिसकेको छ । सो निर्वाचनको प्रयोजनका लागि दल दर्ता र दलहरूले निर्वाचन चिह्न प्राप्त गर्ने काम पनि सम्पन्न भइसकेको छ । पुस २३ गते मनोनयन दर्ता र माघ ११ गते निर्वाचन सम्पन्न हुनेछ । आगामी फागुन २० गते राष्ट्रिय सभामा आफ्नो कार्यकाल समाप्त गरी रिक्त हुने २० पदका लागि हुने सो निर्वाचनमा नेकपा एमालेका ८, नेपाली कांग्रेसका ४, माओवादी केन्द्रका ३, समाजवादी पार्टीका १ र राष्ट्रपतिबाट मनोनित २ स्थान रिक्त हुने भएपछि सो निर्वाचन हुन लागेको हो ।

कुल ५९ जना सदस्य संख्या रहेको राष्ट्रिय सभामा हरेक दुई वर्षमा एक तिहाइ सदस्यको स्थान रिक्त हुने हुँदा हरेक दुई वर्षमा नै सो निर्वाचन सम्पन्न गर्नु परेको हो । गरिमा खस्कँदै गएको सभा र केही बेरोजगारलाई रोजगारी दिने सभाका रूपमा बदलिँदै गएको राष्ट्रिय सभाको सोही निर्वाचनका बारेमा केही ध्यान दिनुपर्ने कुराका बारेमा चर्चा गर्ने यो आलेखको आशय रहेको छ ।

**प्रौढ सभा**

राष्ट्रिय सभा अनुभवले खारिएका मानिसहरूको सभा हो भन्ने अर्थमा यसलाई प्रौढ सभा भनिएको हो । खासगरी संसदीय पद्धतिको हिमायती बेलायतले हाउस अफ लर्डको व्यवस्था गरेको र सोही व्यवस्थावाट प्रभावित भई प्रायः संसदीय पद्धति अवलम्बन गरेका मुलुकहरूमा उपल्लो सदनका रूपमा राष्ट्रिय सभालाई लिने गरिन्छ ।

प्रौढ भनेको उमेरले बुढाबुढीको मात्रै कुरा नभएर राजनीतिमा परिपक्वता हासिल गरेका मानिसहरूको समूहका रूपमा यसलाई लिने गरिन्छ । राजनीतिक परिपक्वताका कारणले देश र जनताका पक्षमा निर्णय गर्ने कुरामा हेक्का रहोस् भन्ने हेतुले यो सभाको व्यवस्था गरिएको हो । त्यसैले राष्ट्रिय सभाको निर्वाचनका सन्निकटमा रहेका राजनैतिक दलहरूले यो सभाको गरिमालाई ख्याल गर्ने गरी उम्मेदवारको चयन गर्न जरूरी छ ।

**करेक्सन सभा**

राष्ट्रिय सभालाई प्रतिनिधिसभाको निर्णयलाई करेक्सन गर्नेसम्मको अख्तियारी हुने हुनाले यो सभालाई करेक्सन सभाका रूपमा पनि लिने गरिन्छ । प्रतिनिधिसभाका आफ्ना स्वार्थ हुन्छन् । निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्नुपर्दछ । सरकार बनाउने, ढाल्ने कुरामा प्रत्यक्ष संलग्न हुने बाध्यतामा हुन्छन् । यसो भएका कारणले देश र जनताको हित भन्दा पनि सत्ता टिकाउने र ढाल्ने स्वार्थमा लिप्त हुने प्रतिनिधिसभाले गरेका कैयन् कामकारबाही करेक्सन गर्न लायक हुन्छन् । सत्ता र शक्तिका दबाबमा गरेका निर्णयहरू देश र जनताको पक्षमा नहुन पनि सक्दछन् । यस्तो अवस्थामा प्रतिनिधिसभाका त्यस्ता निर्णयहरू करेक्सन गर्ने हैसियत राख्ने यो सभा हो । तसर्थ यो हैसियत कायम राख्न सक्ने खालको उम्मेदवारी चयन गर्न दलहरूले ध्यान दिन जरूरी छ ।

**विज्ञहरूको सभा**

प्रतिनिधिसभा चुनाव जित्न सक्ने मानिसहरूको सभा हो । जनताको मन र मत जित्न सक्दा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्न सक्दछन् । तर निर्वाचनको विजयले संसद्का लागि चाहिने विज्ञता बोनसमा थपिदिँदैन । त्यसपछि निर्वाचन क्षेत्रको विकास, निर्वाचन क्षेत्रका जनताको जायज वा नाजायज माग पूरा गर्ने बाध्यता र सरकार बनाउने, टिकाउने वा ढाल्ने बिजनेशमा सहभागी हुन प्रतिनिधिसभा बाध्य छ ।

तर प्रतिनिधिसभामा विज्ञताको प्रतिनिधित्व हुन्छ भन्ने ग्यारेण्टी हुँदैन । चुनाव जित्न सक्ने मानिसको बाहुल्य हुन्छ । चुनावमा विज्ञताको हिसाब प्रायः गरिन्न । विज्ञ भएकै कारणले जनताले जिताए वा जनताले जिताएका कारणले विज्ञ भए दुवै भन्न मिल्दैन । त्यसैले त्यो रिक्तता पूर्ति गर्ने काम दुई सदनात्मक व्यवस्थापिका भएका मुलुकमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने विज्ञहरूबाटै गर्ने प्रचलन छ, यसो गर्नै पर्ने हुन्छ ।

प्रतिनिधिसभा संविधान विपरीतको विघटन र पुनर्स्थापनाको चंगुल पार गर्दै अनन्तकालसम्मको अवरुद्धताबाट प्रताडित छँदैछ । त्यसैको छायाका रूपमा राष्ट्रिय सभा पनि रहने हो भने विश्वास खस्कन बेर लाग्दैन । राष्ट्रिय सभाको गरिमा जसरी खस्किंदैछ त्यसरी नै राज्यका संरचनाहरूप्रति अविश्वास चुलियो भने निकै ठूलो त्याग र बलिदानबाट बनेको नयाँ संविधानले प्रणालीप्रति नै विश्वास गुम्ने खतरा पैदा हुनेछ । यसतर्फ वेलैमा ध्यान जाओस्

राष्ट्रिय सभा सरकार बनाउने ढाल्ने खेलमा सामेल हुन नपर्ने र बजेट विनियोजन र पारित गर्ने जस्तो झन्झटमा फस्न नपर्ने भएका कारणले स्वतन्त्र निर्णय गर्न सक्ने हुन्छन् भन्ने अनुमान गरिन्छ । आफ्नो विज्ञताका आधारमा निर्णय लिन र दिन सक्ने हैसियत राष्ट्रिय सभाले राख्छ भन्ने विश्वास गरिन्छ । यो विश्वासलाई कायम राख्न दलहरूले राष्ट्रिय सभामा त्यसै खालको प्रतिनिधित्व गराउन जरूरी छ ।



**अन्तर्राष्ट्रिय अनुभव**

खासगरी बेलायतमा हाउस अफ लर्डस्को व्यवस्था रह्यो । जहाँ केही मानिसहरू जन्मजात र आजीवन सदस्य रहन्छन् । अवकाशप्राप्त न्यायाधीशहरू वा वरिष्ठ वकिलहरूको बाहुल्य त्यो सभामा रहन्छ । कन्स्टिट्यूसनल रिर्फम एक्ट २००५ ले व्यवस्था गरेबमोजिम सन् २००९ मा सर्वोच्च अदालत गठन नहुँदासम्म सर्वोच्च अदालतकै काम गर्ने निकायका रूपमा पनि हाउस अफ लर्डस् रहेको थियो । संसद्को माथिल्लो सदन भइकन पनि मुद्दा फैसला गर्ने र इन्साफ दिने जस्तो सर्वोच्च अदालतको काम गर्न सक्षम दक्ष र विश्वास आर्जन गर्ने थलोका रूपमा रहेको बेलायतको अनुभव र प्रभावका कारण राष्ट्रिय सभा राखिएको थियो भने त्यो स्तर धान्ने खालको बनाउन पनि त्यतिकै जरूरी छ ।

पछिल्लो अवधिमा १९९४ मा संविधानसभाबाट जारी गरिएको वी द पिपुल अफ नेशन, नेशनालिटी एण्ड पिपुल अफ इथियोपियाबाट आरम्भ भएको प्रस्तावना र आत्मनिर्णयको अधिकारलाई अत्यधिक महत्व दिइएको इथियोपियाको संविधानमा माथिल्लो सभालाई हाउस अफ प्रोभिन्सका रूपमा लिइन्छ । माथिल्लो सदनले संविधानको व्याख्या गर्ने लगायत संवैधानिक अदालतको काम गर्दछ । यसका साथै हामीकहाँ जस्तो आर्थिक मामलाको बाँडफाँट गर्ने जस्तो वित्त आयोगको काम पनि माथिल्लो सदनले गर्दछ । संघ र प्रदेश वा प्रदेश र प्रदेशहरूका बीचको विवाद समाधान गर्ने काम पनि यही सभाले गर्दछ । यतिसम्म कि आत्मनिर्णयको अधिकारको बारेमा निर्णय गर्ने अधिकार पनि यही सदनलाई संविधानले दिएको छ । यी र यस्तै अन्तर्राष्ट्रिय अनुभवबाट पनि नेपालले सिक्न जरूरी छ ।

**हाम्रो अभ्यास**

माथिल्लो सदनका रूपमा रहेको राष्ट्रिय सभाको गरिमा महत्व र अन्तर्राष्ट्रिय अभ्यासका तुलनामा नेपालको राष्ट्रिय सभा खरो उत्रन सकेको पाइँदैन । दलहरूले पटक-पटक गल्ती गर्दै आएका कारण राष्ट्रिय सभाको सो गरिमा महत्व कायम हुन नसकेको मात्रै हैन प्रतिनिधिसभाको फोटोकपी बनेर गरिमा घटाउने काममा उद्यत भएको देखिन्छ ।

राष्ट्रिय सभा बेरोजगार कार्यकर्ता व्यवस्थापन गर्ने थलोका रूपमा विकास भएको छ । गाउँ, नगर, जिल्ला, प्रदेश, प्रतिनिधिसभा कहीं कतै टिकट दिन नसकेका वा टिकट पाएर पनि चुनाव जित्न नसकेका र पार्टीमा पनि राम्रो जिम्मेवारी दिन नसकेका बेरोजगार कार्यकर्तालाई व्यवस्थापन गर्ने थलोका रूपमा राष्ट्रिय सभा बदलिन थालेको छ । जसले राष्ट्रिय सभाको गरिमा घटाएको छ ।

राष्ट्रिय सभा बेरोजगारहरूका लागि रोजगारी दिने थलोका रूपमा पनि लिन थालिएको छ । यदाकदा शीर्ष नेताहरू समेत पनि कुनै न कुनै रूपमा संसद्मा हुनुपर्ने दावी गर्ने गरेको अनुभव छ । हामीले के खाने भन्ने वाक्यांश प्रयोग गरेर भए पनि केही खान राष्ट्रिय सभामा प्रवेश पाएको आभास हुने गरी सँगालिएको अनुभव ताजा छ । जो राष्ट्रिय सभालाई गरिमामय बनाउन बिल्कुल सहयोगी भएको छैन ।

चुनाव जित्न नसकेकाहरूको जमघटको थलोका रूपमा पनि राष्ट्रिय सभा बदलिने खतरा देखा परेको छ । यसअघिको छोटो अनुभवमा पनि प्रतिनिधिसभामा चुनाव हारेका तर घुमाउरो बाटोबाट संसद्मा प्रवेश गरेका उदाहरण छन् । कुनै वेला प्रतिनिधिसभामा चुनाव हारे पनि राष्ट्रिय सभामा जाने र संविधान संशोधनका माध्यमबाटै भए पनि प्रधानमन्त्री हुने दाउ प्रदर्शन नभएको हैन । त्यतिवेला तर्क गरियो कि राष्ट्रिय सभाको सदस्य संघीय संसद्को सदस्य हो भने प्रधानमन्त्री हुन किन नहुने ? मन्त्री हुन चाहिं नरोक्ने ? छिमेकी मुलुक भारतमा प्रधानमन्त्री हुन नरोक्ने नेपालमा रोक्नुपर्ने कारण के हो ? भन्ने तर्क पनि जबर्जस्त आएको थियो । यी र यस्तै तर्कहरूले राष्ट्रिय सभाको गरिमा घट्न पुगेको छ ।

राष्ट्रिय सभा प्रतिनिधिसभाको छायाँ सभाका रूपमा यसलाई विकास गराउने काम यो अवधिमा भयो । संविधान निर्माणका बखत यस्तो खतरालाई पूर्वानुमान गरी अलग काम र कर्तव्य निर्वाह गर्ने गरी राष्ट्रिय सभाको व्यवस्था गरौं । यसका लागि बरु उपराष्ट्रपतिले अध्यक्षता गर्नेसम्मको व्यवस्था पनि गरौं भन्ने तर्क गरिएको थियो । तर संविधान निर्माणका बखतको त्यो तर्क तत्काल काम त लागेन तर अहिले भने त्यसो किन गरिएनछ भन्ने पछुतो मान्ने अवस्था आइलागेको छ । प्रतिनिधिसभाको बैठक दिउँसो बस्छ उसले जे गर्छ राष्ट्रिय सभाले पनि त्यही गर्छ । उसले बहिष्कार गरे राष्ट्रिय सभाले पनि त्यही गर्छ । उसले उभिएर विरोध गरे त्यही गर्छ । बसेर विरोध गरे त्यही गर्छ भन्ने आहान स्थापित भएको छ । आखिर यस्तै काम दोहोर्‍याउने हो भने राष्ट्रिय सभा किन चाहियो भन्ने तर्कले बल प्राप्त गर्दैछ ।

तसर्थ काम र अभ्यासले संसद्को काम कारबाही पाको बन्दै जाने हो भने झैं राष्ट्रिय सभालाई विगतका गल्तीबाट जोगाउने र यसको गरिमा कायम गर्ने हो भने विज्ञहरूको सभा, राजनीतिक अनुभवीहरूको सभा र प्रतिनिधिसभाको गल्तीलाई करेक्सन गर्ने हैसियत भएको सभाका रूपमा विकास गर्नुपर्छ । यसो गर्नका लागि आसन्न राष्ट्रिय सभाको निर्वाचनमा दलहरूले ध्यान पुर्‍याउन जरूरी छ । प्रतिनिधिसभा संविधान विपरीतको विघटन र पुनर्स्थापनाको चंगुल पार गर्दै अनन्तकालसम्मको अवरुद्धताबाट प्रताडित छँदैछ । त्यसैको छायाका रूपमा राष्ट्रिय सभा पनि रहने हो भने विश्वास खस्कन बेर लाग्दैन । राष्ट्रिय सभाको गरिमा जसरी खस्किंदैछ त्यसरी नै राज्यका संरचनाहरूप्रति अविश्वास चुलियो भने निकै ठूलो त्याग र बलिदानबाट बनेको नयाँ संविधानले प्रणालीप्रति नै विश्वास गुम्ने खतरा पैदा हुनेछ । यसतर्फ वेलैमा ध्यान जाओस् ।

# संरचनामुखी विकास हैन, मान्छे चिन्ने उन्नति

मनिकर कार्कि

विकास अर्थशास्त्रीहरूका अनुसार बढ्दो बेरोजगारी, गरिबी, पूर्वाधार एवं वित्तीय स्रोतको अभाव, न्यून उत्पादन, आयको असमान वितरण, खाद्यान्न एवं पोषणको कमी लगायत समस्याहरू अल्पविकसित एवं अविकसित मुलुकका साझा समस्या हुन् । खासगरी द्वन्द्व र राजनीतिक अस्थिरताका कारण पछाडि परेका अविकसित मुलुकहरूले सत्ता सिर्जित यी यावत् समस्याका साथै पछिल्लो समय विश्वव्यापी तापमान वृद्धिको प्रत्यक्ष असरको भुक्तमान पनि बेहोर्नु परिरहेको छ ।

त्यस्तै ती मुलुकहरूमा राजनीतिक नेतृत्वमा विद्यमान सामाजिक एवं आर्थिक रूपान्तरण सम्बन्धी स्पष्ट दृष्टिकोणको अभाव पनि अविकासको कारण हो । किनकि राजनीतिक संक्रमणको उचित व्यवस्थापन गर्दै एकाग्र सोच, दृष्टिकोण र राजनीतिक ऐक्यबद्धताका साथ प्रगतिका लागि उन्नत सोच राखेर काम गरेका द्वन्द्वोत्तर मुलुकहरूले केही दशकको अन्तरालमै लोभलाग्दो प्रगति गर्न सफल भएका छन् ।

यसको लोभलाग्दो दृष्टान्त मध्य अफ्रिकी मुलुक युगान्डाले केही दशकयता देखाएको चमत्कार हो । क्रूर तानाशाह इदि अमिनको झण्डै दशक शासनावधिमा अभाव, द्वन्द्व र क्रूरताको चक्रमा पिसिएको युगान्डाले सन् १९७९ सम्मको अमिन युगको अन्त्यपछिका केही दशकमा गरेको तरक्की हाम्रो जस्तो अविकसित मुलुकका लागि सबैभन्दा उत्कृष्ट दृष्टान्त हो ।

यसर्थ, स्पष्ट दृष्टिकोण, दृढ राजनीतिक इच्छाशक्ति, जिम्मेवारीबोध, सेवाभाव र राज्य एवं लोकतान्त्रिक संस्थाहरूको निर्माण नै आर्थिक, सामाजिक रूपान्तरणका आधार हुन् । यी आधारभूत गुणवत्ता भएको राजनीतिक नेतृत्वको अभावले नै हाम्रा जस्ता मुलुकहरूले भने देखिने गरी प्रगति गर्न सकेका छैनन् ।

विश्वका सबैजसो अविकसित देशहरूले झेलेका समस्या हामीले पनि ऐतिहासिक कालखण्डदेखि नै झेल्दै र भोग्दै आएका छौं । संसारका धेरै देशले गरेको तरक्की सन् १९४० को दशकको दोस्रो महायुद्धको समाप्ति पश्चात् नै हो । झन् नेपालले त आधुनिकतामा पाइला टेक्ने अवसर धेरै पछि पाएको हो ।

सन् १९५० को राजनीतिक परिवर्तन नै नेपालमा आधुनिक राज्य व्यवस्थाको सुरुवातका लागि पानीढलो बन्न पुग्यो ।

त्यसैले १९५० यताको सात दशक नै आधुनिक नेपालको उत्तरखण्ड हो । तर, यो सात दशक हामीले राजनीतिक संघर्षमै व्यतीत गर्‍यौं । यस अवधिमा धेरैपटक राजनीतिक संघर्ष भएका छन् । प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका खातिर, जनताले चिन्ने र जनतालाई चिन्ने राज्य व्यवस्था ल्याउनका लागि निकै पेचिला संघर्षहरू भए । ती प्रत्येक राजनीतिक संघर्षमा व्यापक जनसहभागिता रहन गयो ।

ती संघर्षहरूमा जनताको साथ र सहभागिता आफ्नो आर्थिक, सामाजिक एवं राजनीतिक हैसियत उठाउनका लागि थियो । विद्यमान अवस्था फेर्नका लागि थियो । तथापि गएको सात दशकमा भएका राजनीतिक परिवर्तनले आद्योपान्त आधारभूत एजेण्डामा परिवर्तन भएको छैन ।

मुलुकको संविधानले शिक्षा, स्वास्थ्य र रोजगारी जस्ता जनताका दैनिकीसँग सम्बन्धित विषयहरूलाई मौलिक हकको रूपमा व्याख्या गरी हरेक व्यक्तिले सो अधिकारको उपयोग गर्न पाउने कानुनी अधिकार समेत स्थापित गरिदिएको छ । तर, यी सबै परिवर्तनका बाबजुद पनि जनताको दैनिकीमा परिवर्तन हुनसकेको छैन ।

जनजीविकाका सवालमा ७० वर्ष अघिकै नारा अहिले पनि सान्दर्भिक भएका छन् । अहिले पनि जनताले सहज र सर्वसुलभ शिक्षा, स्वास्थ्य सेवा पाएका छैनन् । बेरोजगारी बहुआयामिक रूपमा बढेको छ । देशमा कसैको आर्थिक सुरक्षा छैन । जनताको आयस्ता बढ्न सकेको छैन । उत्पादन बढ्न सकेको छैन । आयात र उपभोगमा आधारित अर्थतन्त्रको संरचना बदलिन सकेको छैन ।

आखिर किन हामीले यो सात दशकको परिवर्तनबाट पनि जनताको दैनिकी बदल्न सकेनौं ? किन यो मुलुक बन्न सकेन ? किन हामीले चाहे जस्तो आर्थिक विकास र प्रगति गर्न सकेनौं ? किन जनताको प्रगति र उन्नति हुन सकेन ?

यसको ऐतिहासिक कारण खोतल्ने हो भने स्पष्ट राजनीतिक प्रतिबद्धताको अभाव नै नेपालको अविकासको मुख्य कारण हुन आउँछ । नेपाली राजनीतिको सात दशकको ऐतिहासिक प्रवृत्ति के रह्यो भने राजनीतिक नेतृत्वमा विकास, उन्नति र प्रगतिप्रति कुनै अठोट र दृढ संकल्प जाग्न सकेन । नेतृत्वमा त्यस्तो हुटहुटी नै पैदा हुन सकेन ।

संविधानले परिकल्पना गरेको समाजवाद-उन्मुख अर्थ-राजनीतिका लागि निजी क्षेत्र, समुदाय र राज्यसम्मिलित तीन खम्बे अर्थनीतिलाई प्रवर्द्धन गर्ने कुरालाई सैद्धान्तिक रूपमा सबै पार्टीहरूले ग्रहण गरेका छन् ।

१९५१ को राजनीतिक परिवर्तनले जनपक्षीय स्वरूप ग्रहण गर्न नपाउँदै सत्ता प्राप्तिका लागि तत्कालीन नेपाली कांग्रेसमा टुटफुट र गुटबन्दी सुरु भएको तीतो यथार्थ इतिहासका पानामा लेखांकित छ । अनि अन्तरदलीय रूपमा हेर्दा पनि मुलुकको प्रगति र उन्नति अनि आफ्नोपनको खोजीका लागि कहिल्यै मतैक्य हुन सकेन ।

सन् १९४९ मा पुष्पलाल श्रेष्ठ लगायत ५ जनाको संस्थापनमा जन्मिएको नेपाल कम्युनिस्ट पार्टीले क्रान्ति नायक बीपी कोइराला तथा नेपाली कांग्रेसलाई 'कम्युनिस्टको डर देखाई राणासँग सम्झौता गरेको' आरोप लगाएर 'राणासँग सम्झौता होइन, क्रान्ति' को रणनीति अगाडि सारेको थियो । अर्थात् उसले भर्खरै मुलुकमा भएको राजनीतिक परिवर्तनलाई स्वीकार गर्दै त्यसको उचित व्यवस्थापन गर्दै जनतालाई परिवर्तनको अनुभूति गराउने काममा साथ दिएन । बरु चर्का क्रान्तिकारी नारा अनि दस्तावेज मार्फत अलमल र अस्थिरताकै बीजारोपण गरिदियो ।

उता क्रान्तिपछि सत्तामा आएको नेपाली कांग्रेसको नेतृत्वमा देखापरेको कलह र सत्ता मनोकांक्षा छरपस्ट हुँदा परिवर्तनका उपलब्धिहरू संस्थागत हुन पाएनन् । परिणामतः राजा त्रिभुवनले विधानसभा गठन गर्ने आफ्नो घोषणा बिर्सिए र सरकार अदलीबदली मार्फत अस्थिरतालाई नै निरन्तरता दिए ।

सन् १९५७/५८ सम्म आइपुग्दा त राजनीतिक नेतृत्व एकले अर्कालाई राष्ट्रघातीको आरोप/प्रत्यारोपमा उत्रियो । राजनीतिक नेतृत्वले सुझबुझ देखाउन सकेन । जसका कारण राणाशाहीबाट खोसिएको सत्ता पुनः दरबारमै कैद हुनपुग्यो । जनताको स्वतन्त्रता र वैधानिक शासनको चाह पूरा भएन । जीवनमा अपेक्षाकृत परिवर्तन देखापरेन । आर्थिक र सामाजिक अवस्था बदलिएन ।

यसैबीच १५ डिसेम्बर, १९६० सम्म आइपुग्दा निर्वाचित प्रधानमन्त्रीलाई अपदस्त गरी तत्कालीन राजा महेन्द्रले 'कु' मार्फत पञ्चायत नामक निर्दलीय व्यवस्था लागू गरे । त्यसपश्चात् राजा महेन्द्रले 'हावा, पानी र माटो सुहाउँदो विकास'का लागि भन्दै मुलुकलाई निर्दलीय पञ्चायतको कालरात्रिमा होमे र त्यो याम ३० वर्ष चल्यो ।

सन् १९९० को परिवर्तनले निर्दलीय पञ्चायती व्यवस्थालाई उल्ट्याएर प्रजातन्त्रको पुनर्बहाली त गर्‍यो तर, त्यसयता पनि राजनीतिक नेतृत्वमा जनताको अवस्था बदल्ने परिकल्पना, दृष्टिकोण, विचार, कार्यक्रम र दृढ इच्छाशक्ति देखिएन । बरु, त्यसयताको झण्डै तीन दशक प्रजातन्त्रको नाउँमा संसदीय अभ्यासको विकृत रूप देखा पर्‍यो ।

त्यो राजनीतिक अस्थिरताको जगमा तत्कालीन नेकपा माओवादीले युद्ध सुरु गरी उचाइसम्म पुर्‍यायो र सन् २००६ को दोस्रो जनआन्दोलन मार्फत विस्तृत शान्ति-सम्झौता मार्फत हुँदै शान्तिपूर्ण राजनीतिमा आयो । त्यसपछि ऐतिहासिक संविधानसभाको निर्वाचन हुँदै गणतन्त्र, संघीयता, समावेशिता सहितको सन् २०१५ मा नयाँ संविधान लेखियो ।

तथापि जनस्तरमा परिवर्तनको लाभांश पुग्ने संयन्त्र निर्माण हुनसकेको छैन । त्यसयताको अवधिमा विकासका नाउँमा भौतिक परिवर्तन त भएको छ तर, त्यसले उत्पादन र जनताको दैनिकीलाई प्रभावित पार्न सकेको देखिएन । विकास, निर्माणका सवालमा पछिल्लो समय बाटोघाटो, पुलपुलेसा, विमानस्थल, सरकारी भवन निर्माण, शहरबजार आदि पूर्वाधारजन्य क्षेत्रमा निकै ठूलो लगानी भएको छ र त्यसले देखिने गरी भौतिक पूर्वाधारको निर्माण पनि भएको देखिन्छ ।

तर, त्यस्तो पूर्वाधारजन्य क्षेत्रको निर्माण गर्दा जनताको आवश्यकता र अर्थतन्त्रलाई चलायमान बनाउने क्षेत्रको पहिचान हुन सकेन । अर्थतन्त्रको उत्पादनमुखी क्षेत्र के हो ? भन्ने कुरामा ध्यान नदिंदा हाम्रो पूर्वाधारको लगानीले प्रतिफल दिन सकेको छैन । यसो भन्दै गर्दा पूर्वाधारमा गरिएको लगानीले तत्कालै कसरी प्रतिफल दिन्छ ? भन्ने प्रश्न उत्पन्न हुन सक्छ ।

हो, राज्यले पूर्वाधारमा गर्ने लगानी दीर्घकालका लागि हो । यसबाट अल्पकालीन प्रतिफलको अपेक्षा गर्नु पनि हुँदैन । तर, हाम्रो जस्तो सीमित स्रोतमा खुम्चिनुपर्ने अवस्था भएका मुलुकहरूले पूर्वाधारमा गरिने लगानीका लागि पनि प्राथमिकता निर्धारण भने अवश्य नै गर्नुपर्ने हुन्छ । हामीसँग भएको थोरै स्रोतको लगानी गर्दा तत्कालका लागि उत्पादन बढाउने र रोजगारी सिर्जना गर्ने क्षेत्रको पहिचान अपरिहार्य हुन्छ ।

अर्थात्, हाम्रा विकास निर्माणका कार्यले जनतालाई जोड्न सक्नुपर्दथ्यो । मान्छे चिन्न सक्नुपर्दथ्यो । तर, त्यसो हुनसकेको छैन । उदाहरणका लागि पछिल्लो १० वर्षमा केन्द्रदेखि स्थानीय तहहुँदै वडासम्म बनेको सरकारी भवनहरूलाई हेर्न सकिन्छ । स्थानीय तहहरूले 'सिंहदरबार' शैलीमा निर्माण गरेका प्रशासनिक भवनहरूमा 'आवश्यकता' भन्दा पनि 'चाहना' प्रतिबिम्बित भएको देखिन्छ ।

मुलुक निकै लामो समयदेखि तदर्थवादमै चलेको छ । राज्यको सेवाको प्याकेजलाई रि-डिजाइन गरिएको छैन । केवल रि-प्याकेजिङ मात्रै भइरहेको छ । अहिले डेलिभरीको राजनीति आकर्षित हुँदै गर्दा के डेलिभरी दिने ? भन्ने विषय मुख्य चासोको विषय हुनुपर्छ ।

यदि सरकारले नै आवश्यकता र औचित्य प्रष्ट्याएर मात्रै सरकारी भवन निर्माण गर्ने कार्यविधि लागू गरेको हुन्थ्यो भने सरकारी भवन निर्माणमा उपयोग भएको ठूलो धनराशिलाई उत्पादनमूलक क्षेत्रमा वैकल्पिक प्रयोग गर्न सकिन्थ्यो । तर, 'गाउँको सिंहदरबार' स्थापित गर्ने नाउँमा सबैजसो स्थानीय तहहरूमा ठूला-ठूला प्रशासनिक भवन निर्माणमा अर्बौं खर्च गरियो ।

त्यसो त नेपालमा सन् १९५१ को प्रजातान्त्रिक परिवर्तनपछि वैदेशिक सहयोगसँगै भित्रिएको 'डेभलपमेन्ट' अर्थात् विकासको अवधारणामै खोट देखापर्छ । मूलतः दोस्रो विश्वयुद्धको समाप्तिसँगै सन् १९४४ मा युद्धले तहसनहस पारेको भौतिक एवं आर्थिक संरचनाहरू पुनः खडा गर्ने उद्देश्यका साथ अमेरिकाको ब्रिटन उड्स भन्ने ठाउँमा विश्वका ४३ देशका प्रतिनिधिहरूले एउटा सम्झौता गरे, जसलाई ब्रिटन उड्स सम्झौता भनियो ।

सम्झौता अनुरूप विश्व अर्थतन्त्रलाई स्थिर र गतिशील बनाउन भन्दै दुई संस्थाको जन्म भयो- विश्व ब्याङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोष । यी दुई संस्थाहरूले दीर्घकालीन एवं अल्पकालीन वित्तीय सहायता प्रदान गर्न सुरु गरे । विश्व ब्याङ्कले अल्पविकसित मुलुकहरूको आर्थिक पुनरुत्थान र सुधारका लागि वित्तीय तथा परामर्श सहयोग सुरु गर्न थाल्यो । त्यही अवधारणा अनुरूप नेपालमा पनि 'विकास' भित्रियो ।

राणाहरूले डेभलपमेन्ट अर्थात् विकास भन्दैनथे । त्यसबेलासम्म विकासको अर्थमा 'उन्नति' नै प्रयोग हुन्थ्यो । तर, आर्थिक सहायता सहित भित्रिएको 'विकास' ले उन्नतिलाई उछिन्यो र विकासको भाष्य बेलगाम विस्तार भयो । संयोगवश, नेपालमा विकास शब्दको प्रयोग वैदेशिक सहायतासँगै भित्रिएको हुँदा विकासको भाष्य नै हुनेले नहुनेलाई दिने वस्तु वा सेवाकै रूपमा चित्रित हुनपुग्यो ।

# विकासलाई सरकारले प्राथमिकतामा राखेको छ : प्रधानमन्त्री



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मुलुकको राजनीतिक परिवर्तनमा उल्लेख्य भूमिका खेलेको रोल्पाको विकासलाई सरकारले उच्च प्राथमितामा राखेको बताएका छन् । उनले सहिद मार्ग निर्माण तथा कालोपत्रका लागि तत्काल काम अघि बढाइने प्रतिबद्धतासमेत जनाए ।

रोल्पाबाट प्रतिनिधित्व गर्ने नेकपा (माओवादी केन्द्र) का सङ्घीय, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिले बजेट अभावका कारण सहिदमार्ग निर्माणमा ढिलाइ भएको गुनासो गर्दै आज प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराएका थिए । प्रतिनिधिसभातर्फ एउटा मा निर्वाचन क्षेत्र रहेको रोल्पाका सङ्घीय सांसद एवं माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन नेतृत्वको प्रतिनिधिमण्डलले प्रधानमन्त्री दाहाललाई प्रधानमन्त्री निवास बालुवाटारमा भेटेर रकम सुनिश्चितताका लागि आग्रह गरेको हो ।

आर्थिक वर्ष २०६४/६५ देखि सुरु भएको दाङको घोराहीदेखि रोल्पाको होलेरी घर्तीगाउँ हुँदै पूर्वीरुकुमको हुकाम-मैकोटसम्मको सहिदमार्ग निर्माणले अझै पूर्णता नपाएकाले प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराएको सांसद पुउनले जानकारी दिए । सो सडकखण्डअन्तर्गत हाल होलेरी-दारबोट कालोपत्रको चरणमा रहेको, दारबोट-घर्तीगाउँ-दुई खोली-खरिबोट खण्डमा कालोपत्रका लागि ठेक्का भई काम सुरु भए पनि पर्याप्त बजेट अभावमा आयोजनाले अपेक्षित गति लिन नसकेकाबारे प्रतिनिधिमण्डलले प्रधानमन्त्री दाहाललाई जानकारी गराएको थियो ।

यस्तै हुकाम-मैकोट खण्डमा ट्र्याक खोल्ने काम बाँकी रहेकाले त्यसको प्रबन्ध मिलाइदिन माग गरिएको प्रधानमन्त्री दाहाललाई बुझाइएको ज्ञापनपत्रमा उल्लेख छ । विगतमा घोराही-होलेरी सडकखण्डको ३१ दशमलव पाँच किलोमिटर सडक कालोपत्र भएकामा निर्माण व्यवसायीको लापरबाहीले तोकिएको समयसम्म उचित मर्मतसम्भार नगरेका कारण कालोपत्र भत्किएर सो ठेक्का रद्द गरी नयाँ प्रक्रियाका लागि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) स्वीकृतिको चरणमा रहेको भन्दै उनीहरुले बजेटको न्यूनताका कारण ठेक्का प्रक्रियामा ढिलाइ भएकाले सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन प्रधानमन्त्रीसँग माग गरेका थिए ।

प्रधानमन्त्री दाहाललाई ध्यानाकर्षणपत्र बुझाउन सांसद पुनसहित लुम्बिनी प्रदेशसभा सदस्य दिपेन्द्र पुन, रोल्पा नगरपालिकाका प्रमुख सुरेन्द्र थापा घर्ती, माडी गाउँपालिकाका अध्यक्ष अमरसिंह घर्ती, त्रिवेणी गाउँपालिकाका अध्यक्ष कर्णबहादुर बाँठा, रुण्टनीगढी गाउँपालिकाका अध्यक्ष जनक पुन, परिवर्तन गाउँपालिकाका अध्यक्ष सुकबहादुर बुढालगायत प्रधानमन्त्री निवास पुगेका थिए ।

# जनतालाई कानुनभन्दा विकास महत्वपूर्ण हुन्छ : नेत्री भुसाल



**टुडे समाचारदाता**

काठमाण्डु । “सदनमा पर्याप्त विधेयक प्रवेश नहुँदा भनेजति काम पाइएको छैन । सदनमा विधेयकका चाङ नै लागे पनि कानुन बनाउने काममा मात्रै लागेर हामी सुख पाउँदैनौं”, प्रतिनिधिसभा सदस्य सरिता भुसालको अनुभव छ, “विधि निर्माणका साथै जनताका विकास र समस्यामा सांसदले साथमा साथ दिन सक्नुपर्छ ।”

प्रतिनिधिसभाको एकबर्से अवधिमा सीमित मात्रामा मात्र कानुन बन्न सकेकामा पनि नेकपा ९एमाले०की नेत्री सन्तुष्ट छैन । जति मात्रामा कानुन बनाउनुपर्ने हो त्यति बन्न नसक्नामा सरकारले नै धेरै ‘बिजनेस’ नदिनाको कारण रहेको उनको ठम्याइ छ ।

त्यसो त समय-समयमा प्रमुख प्रतिपक्षले सरकारसँग विभिन्न विषयमा माग राखी सदन अवरोध गरेकाले पनि कानुन निर्माणले गति नलिएको टिप्पणी आउने गर्छ । माग पूरा नहुँदा प्रतिपक्षले सदन अवरोध गर्नु कति उचित भन्ने कोणबाट पनि बहस भइरहेको छ ।

सानै उमेरदेखि सामाजिक रूपान्तरण र परिवर्तनमा लाग्दै विद्यार्थी राजनीति, शिक्षण पेसा र महिला आन्दोलनमा सक्रिय भई हाल एमाले केन्द्रीय सदस्य भुसाल गत प्रतिनिधिसभा सदस्य निर्वाचनमा खस आर्य ९महिला० समूहबाट समानुपातिक प्रणालीबाट निर्वाचित भएकी हुन् । अर्घाखाँचीमा जन्मिएर काठमाडौंबाट विद्यार्थी राजनीति थालनी गरेकी भुसाल विवाहपछि पश्चिम नवलपरासीमा पार्टीको जिल्लास्तरका राजनीतिमा सक्रिय भईन् । हाल एमाले जिल्ला इन्चार्ज भुसाल विसं २०४९ मा काठमाडौं बागबजारस्थित पद्मकन्या क्याम्पस, स्वतन्त्र विद्यार्थी युनियन ९स्ववियु० निर्वाचनमा सदस्यमा उम्मेदवार बनेकी थिईन् । संयोग भनौं, भुसाल सदस्य उम्मेदवार रहेको त्यस निर्वाचनमा स्ववियू सभापतिका उम्मेदवार विद्यादेवी भण्डारी भने मुलुकको राष्ट्रपति भइसकेकी छन् ।

नेपाली विषय अध्ययन गर्नुभएका भुसाल त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर क्याम्पसमा विद्यार्थी सङ्गठन अनेरास्ववियु, प्रारम्भिक कमिटीका स्ववियु कोषाध्यक्ष पनि भईन् । यसपछि अखिल नेपाल महिला सङ्घका मोर्चामा उनीं सामेल भईन् । पढाइ सकिएसँगै शिक्षण पेसा रोज्ने क्रममा लामो समय नवलपरासीको दिव्यज्योति क्याम्पस, बर्दघाटमा शिक्षक भईन् भने प्रगतिशील प्राध्यापक सङ्घका केन्द्रीय सदस्य पनि बनीन् । एमाले नवलपरासी जिल्ला कमिटी र सचिवालय सदस्य हुँदै हाल प्रतिनिधिसभा सदस्यको जिम्मेवारी उनले निर्वाह गर्दै आएकी छन् । पार्टी र जनतासँग जोडिएर नै संसदीय भूमिकालाई प्रभावकारी बनाउन सकिन्छ भन्ने विश्वासका साथ उनीं एमालेले गत मङ्सिर १४ गतेदेखि यही पुस १ गतेसम्म बैतडीको झुलाघाटदेखि पाँचथरको चिवाभन्ज्याङसम्मको ‘समृद्धिका लागि सङ्कल्प यात्रा’का क्रममा केही प्रदेशका कार्यक्रममा सामेल भइन् ।

यस बीचमा संसद्मा कानुन निर्माणका लागि धेरै काम हुन नसके पनि शून्य र विशेष समयमा जनताका समस्या र आवाजलाई राख्न पाएको जिकिर उउनले गरिन् । “संविधान कार्यान्वयनका क्रममा धेरै विधेयक सरकारबाट सदनमा ल्याउन बाँकी छ । आएका विधेयकमा पनि राजनीतिक गृहकार्य नपुग्दा पूर्णता दिन सकिएको छैन । अहिले त सदनको अधिवेशन नै नभएको अवस्था छ”, सांसद भुसालले भनिन्, “जिल्लाका र अन्य विभिन्न कार्यक्रममा पुगेर जनता र विविध विषयका समस्या बुझ्ने अनि आफ्ना विचार राख्ने कामचाहिँ गरिएको छ । सदनमा सांसदले चाहेरमात्रै नहुने रहेछ । विधेयक ल्याउने र त्यसमा पर्याप्त समन्वय गर्ने काम सरकारको हुने हुँदा हामीले सक्रियता देखाउन खोज्दैमा जनताका लागि परिणाम दिन नसकिने रहेछ ।”

सांसद भुसालले संवादको क्रममा वर्तमान सरकारको एक वर्षका अवधिमा जनताले राहत पाउने र अनुभूत हुने गरी काम हुन नसकेको टिप्पणी गरिन् । उद्योग-कलकारखाना बन्द हुँदै जानु, युवाहरू विदेसिएर गाउँघर रित्तिन थाल्नु, बैंकको ब्याज बढ्नु, सहरबजारकै सटरहरू खाली हुनु, महँगी बढ्नु आदि समस्या ज्युँका त्युँ हुनाले उनलोई चिन्तित तुल्याएको छ । “अहिले गाउँघरमा मानिस मर्दा मलामी र विवाह पर्दा जन्ती पाउन मुस्किल छ”, उनले गुनासो गरिन् ।

के यी सबै समस्या समाधान गर्ने जिम्मेवारी सङ्घीय सरकारको मात्रै हो वा राजनीतिक दल, सांसद र स्थानीय तहको पनि हो भन्ने प्रश्नमा उनीं भन्छिन्, “मुख्यतः सरकारको जिम्मेवारी हो । उसले यो यो काम गर्छु भनेर सदन र जनतामा वाचा गरेको हुन्छ । उसले युवालाई स्वदेशमै रोजगारी दिने र उत्पादनमूलक काममा लगाउने उचित योजना ल्याई कार्यान्वयन गर्न सक्छ । यसमा होस्टेमा हैंसे गर्ने काम हाम्रो पनि हो । सांसदलाई कानुन निर्माण र देश विकासका काममा कसरी संलग्न गराउने भन्ने पनि सरकारको भूमिकामा भर पर्छ । जनतालाई कानुनभन्दा पनि विकास चाहिएको छ ।” विद्यमान सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको भूमिका कस्तो पाएको भन्ने प्रश्नमा सांसद भुसाल सरकारले आफूहरूसँग ९प्रतिपक्षी दल० उचित समन्वय नगरेको गुनासो गर्छिन् । उनींको अनुभवमा जनता कानुनभन्दा पनि आफ्नै वरिपरिका बाटो, पुल, खानेपानी, शिक्षा र स्वास्थ्यको प्रबन्ध भएको देख्न चाहन्छन् । सानातिना विकास निर्माणका कामको जिम्मेवारी त स्थानीय सरकारको भएको र यसमा सांसदले चिन्ता लिइरहनुपर्ने हो र भन्ने प्रश्नमा सांसद भुसाल भन्छिन्, “जनतालाई महत्त्वपूर्ण कुरा विकास निर्माण नै हो । स्थानीय तह आफ्नो ठाउँमा छ तर तिनको बढी अपेक्षा केन्द्र सरकार र सांसदसँगै हुने रहेछ । सङ्घीयता र विकेन्द्रीकरणका अभ्यासबारे जनस्तरमा सचेतना पनि पुग्न बाँकी छ ।”

सांसद पूर्वाधार विकास कोषका सम्बन्धमा अरू समानुपातिक सांसदजस्तै भुसाललाई पनि प्रत्यक्ष निर्वाचितलाई अग्राधिकार दिएर कोष परिचालन हुने प्रबन्ध चित्त बुझेको छैन । कोषको आवश्यकता अझै रहेको ठान्ने उनीं यसमा समानुपातिक सदस्यलाई विभेद नगर्न आग्रह गर्छिन् । चालु आर्थिक वर्षका लागि जाजरकोट भूकम्प प्रभावित क्षेत्रमा कोषको रकम खर्च गर्ने नेपाल सरकारको निर्णयलाई भने उनीं जायजै मान्छिन् ।

# भौगोलिक वनावटअनुसार व्यवस्थित सहरको विकास गर्नुपर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मुलुककोभौगोलिकवनावटअनुसार योजनाबद्धरुपमा व्यवस्थित सहर बसाल्नुपर्ने अपरिहार्यता औंल्याएका छन् । सिंहदरबारमा विहिबार भएको सहरी विकास र वन तथा वातावरण मन्त्रालयको संयुक्त वार्षिक समीक्षा बैठकमा उनले पूर्वपश्चिम र उत्तरदक्षिणलाई एकापसमा जोड्ने विकासको रणनीति हुनुपर्ने बताए ।

प्रधानमन्त्री दाहालले काठमाडौं उपत्यकाभित्र व्यवस्थित नमूना सहर निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउँदै आफ्नो दोस्रो कार्यकालमा ‘स्मार्टसिटी’को अवधारणा अघि सारेको जानकारी दिए । “अब योजनाबद्ध सहरको विकास गर्नुपर्छ, त्यसलाई स्मार्टसिटीको नाम दिएका छौं, यो दीर्घकालीन रणनीतिलाई गम्भीरपूर्वक सोचेर कार्यान्वयनमा जानुपर्छ ।”



> “प्रधानमन्त्री दाहालले काठमाडौं उपत्यकाभित्र व्यवस्थित नमूना सहर निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउँदै आफ्नो दोस्रो कार्यकालमा “स्मार्टसिटी”को अवधारणा अघि सारेको जानकारी दिए ।

प्रशासनिक भवन निर्माण सम्पन्न नहुँदा केही स्थानीय सरकारले सेवा प्रवाहमा समस्या झेल्नुपरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले चाँडै जनताको नजिकको सरकारका रुपमा रहेका स्थानीय तहका प्रशासनिक भवन निर्माण गर्नुपर्ने बताए । उनले व्यवस्थित सहरीकरण र सहरी सौन्दर्यलाई सँगसँगै लैजानुपर्नेमा जोड दिए । प्रधानमन्त्री दाहालले भने, “म पहिलोपटक प्रधानमन्त्री हुँदा नै मध्यपहाडी लोकमार्ग सुरू गरिएको थियो । हुलाकी राजमार्ग पनि हामीले नै अगाडि बढाएका थियौं । उत्तर-दक्षिण करिडोर पनि विकासको हाम्रो दृष्टिकोण हो । देशको अवस्था जस्तो छ, भौगोलिक वनोट जस्तो छ, आर्थिक चरित्र जसरी विकसित भइरहेको छ, विकासको ढाँचा पनि त्यस्तै बनाउनुपर्छ ।”

प्रधानमन्त्री दाहालले वन र वातावरणका क्षेत्रमा धेरै नीतिगत र कानुनी सुधार जरूरी रहेको औंल्याए । विसं २०२९ को ऐउनले अहिलेको स्थिति सम्बोधन नगर्ने जनाउँदै उनले हिजो ऐन बनाउँदा मानवबस्ती नभएका ठाउँ अहिले सहरीकरण भइसकेका हुँदा वन र विकास एकअर्काका विरोधी हुन् भन्ने भाष्य बदल्नुपर्ने बताए । वनजङ्गलका क्षेत्रमा नेपाल धनी भए पनि बर्सेनि अर्बौंको काठ आयात गर्नु परिरहेको यथार्थ प्रस्तुत गर्दै प्रधानमन्त्रीले जङ्गलमा ढलेका रूखसमेत सजिलैसँग उपयोग गर्न नसकिने परिस्थितिको अन्त्य गरिनुपर्ने बताए ।

बैठकमा सहरी विकासमन्त्री सीता गुरूङले आयोजनाको सङ्ख्या र बजेटको सीमितताका बीच काम गर्नुपर्ने अवस्था रहेको जानकारी दिँदै व्यवस्थित सहर बनाउने परियोजनालाई पनि राष्ट्रिय गौरवका आयोजनामा समावेश गरेर जानुपर्ने बताए । एक वर्षको अवधिमा निजी आवास निर्माणतर्फ मन्त्रालयले केही प्रगति गरेको तथ्य पेस गर्दै उनले अब भूकम्पबाट भत्किएका निजी घर निर्माणमा केन्द्रित हुने बताए ।

वन तथा वातावरण मन्त्री वीरेन्द्र महतोले रूख कटानको कानुनी प्रक्रिया लामो हुँदा विकास आयोजनाको काम प्रभावित भएको तथा काठ निर्यातको भन्सार नीति वैज्ञानिक नभएको जनाउँदै मन्त्रालय त्यसको समाधानमा केन्द्रित भएको बताए ।मुख्यसचिव वैकुण्ठ अर्यालले वउनले प्रकृति संरक्षणमा मात्र जोड दिने र विकासे मन्त्रालयले विकासको मात्र कुरा गर्दा विकास नीति असन्तुलित हुने बताए । उनले वन र विकासलाई एकअर्काका सहयोगी अङ्गका रूपमा अगाडि बढाउनुपर्ने आवश्कयता औंल्याए ।

सहरी विकास मन्त्रालयका सचिव सरजु वैद्यले विदेशी सहायताको बजेटको प्रभावकारी कार्यान्वयनका लागि पहल गरिएको, आयोजनाको स्तर र बजेटको प्रबन्धबीच उचित तालमेल आवश्यक देखिएको र कार्यचापका दृष्टिले जनशक्ति वृद्धि गर्नुपर्नेमा जोड दिए । उनले जाजरकोट र रूकुम पश्चिममा भूकम्पले क्षति पुऱ्याएका घरको पुनर्निर्माण प्रभावकारी बनाउन मन्त्रालयले तयारी गरिसकेको बताए ।

वन तथा वातावरण मन्त्रालयका सचिव दीपक खरालले वन क्षेत्रको उपयोग र जङ्गल कटानीमा अत्यधिक समय र जनशक्ति खर्चिनुपरेको, वातावरणीय प्रभाव मूल्याङ्कनको समय बढी लागेकाले यी समस्या समाधान गर्न मन्त्रालय क्रियाशील रहेको बताए । सचिव खरालले कोप-२८ मा नेपालको नेतृत्वदायी भूमिका रहेको स्मरण गर्दै नेपालले प्राप्त गर्ने जलवायु वित्तमा पहल लिने योजना बनाइएको र अन्तर्राष्ट्रिय पर्वतीय शिखर सम्मेलनको आयोजनाको तयारी गरिएको जानकारी दिए ।

प्रधानमन्त्री कार्यालयका सचिव एकनारायण अर्यालले एकातर्फ नेपालको काठ कुहिएर जाने र अर्कोतर्फ विदेशबाट ठूलोमात्रामा काठ आयात भएको जनाउँदै त्यसको सम्बोधन जरुरी रहेको बताए । साथै फोहर व्यवस्थापनको दीर्घकालीन रणनीति र योजनाका साथ काम गर्नुपर्नेमा उनले जोड दिए । प्रधानमन्त्री कार्यालयका अर्का सचिव गणेश पाण्डले नेपालको काठ देशभित्रै उपयोगका निम्ति लचिलो नीति अपनाउनुपर्ने तथा वातावरणीय प्रभाव मूल्याङ्कनको काम छिटो र प्रभावकारी हुनुपर्ने बताए ।

# नागरिकता कानुनमा अझै सुधार गरिनुपर्नेमा सांसदको जोड

**टुडे समाचारदाता**

काठमाण्डु । नागरिकता कानुनमा अझै सुधार गरिनुपर्नेमा सांसदले जोड दिएका छन् । नागरिकता ऐनमा गरिएको पछिल्लो संशोधन उनले पनि समस्या समाधान नभएकाले संविधानअनुसार कानुन बनाउनुपर्नेमा उनीँहरुले सरोकार भएका निकायको ध्यानाकर्षण गराएका हुन् ।



महिलामाथिको सबै विभेद अन्त्य गर्ने महासन्धि (सिड) ४४ वर्ष पुगेको अवसरमा महिला, कानुन र विकास मञ्चले विहिबार यहाँ आयोजना गरेको ‘पूर्ण नागरिक, पूर्ण अधिकार : नागरिकतामा समान अधिकार’ विषयक छलफल कार्यक्रममा प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति भानुभक्त जोशीले खुला सिमाना भएकाले देशको आफ्नै विशिष्टताका आधारमा नागरिकता कानुन व्यवस्थित गर्नुपर्ने बताए । भारतको राजनीतिमा सोनिया गान्धीको ठूलो योगदान रहेपनि प्रधानमन्त्री बन्न नपाएको उदाहरण प्रस्तुत गर्दै उनले नेपालमा पनि नागरिकताका आधारमा राजनीतिक अधिकार दिँदा समस्या हुनसक्ने बताए । नेपालको संविधान प्रगतिशील रहेकाले त्यसलाई मिलाएर देशको विशिष्टतालाई ध्यान दिई नागरिकता कानुन व्यवस्थित गर्नुपर्ने सभापति जोशीको भनाइ थियो ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिका सभापति किरणकुमार साहले सुन काण्डमा परेको विदेशीले सिफारिस बिना नै नेपाली नागरिकता पाएकामा दुःख लागेको बताए । नागरिकता ऐन संशोधन गरेर ल्याए पनि अपूर्ण रहेको र त्यसलाई सर्वदलीय सहमतिबाट सरोकार भएका सबैको सुझाव लिई पूर्णता दिनुपर्ने बताईन् । नागरिकताका विषयमा राजनीतिक दलका स्वार्थले समस्या रहेको सभापति साहले सुनाईन् ।

सांसद रञ्जु ठाकुरले वैवाहिक अङ्गीकृतसम्बन्धी नागरिकता कानुनमा अहिले भएको व्यवस्था ठीक रहेको बताए । विदेशी बुहारीले ३५ दिनभित्र नेपाली नागरिकता नपाए बिहे गरेलगत्तै उसको अवस्था के हुन्छ भन्ने प्रष्ट हुनुपर्ने उनले बताईन् । आमाले सन्तानको बाबु पत्ता नलागेको भनेर स्वघोषणा गरी नागरिकता दिँदा पछि बाबु पत्ता लागे तीन वर्षको कैद सजाय हुने व्यवस्था विभेदकारी रहेको बताईन् ।

सांसद अमृतादेवी अग्रहरीले विदेशबाट नेपाल आएर नागिरकता लिने दोषी नभई नागरिकता दिने दोषी हुने तर्क गरिन् । नेपाली नागरिकका लागि नागरिकता लिन आमा नै सबैभन्दा ठूलो प्रमाण हुने उनको भनाइ थियो । आमाले सिफारिस गरेपछि नागरिकता लिन कुनै समस्या नहुने गरी व्यवस्था गरिनुपर्ने सांसद अग्रहरीले जोड दिनुभएको थियो । सांसद ईश्वरी घर्तीले नागरिकता कानुनमा महिलालाई अझै विभेद गरिएकाले सत्ता पक्ष र विपक्षका सांसद मिलेर सङ्कल्प प्रस्ताव दर्ता गर्नुपर्नेमा जोड दिए । मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले नेपालको नागरिकता कानुनमा नेपाली महिलासँग विवाह गर्ने पुरूषले नागरिकता नपाउने र उनका सन्ताउनले अङ्गीकृत नागरिकता पाउने विभेदकारी व्यवस्था रहेकाले यस्ता विषयमा सुधार गरिनुपर्ने बताए ।

# माओवादीको विधान सम्मेलन फागुनमा

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)ले आगामी फागुन पहिलो साता विधान सम्मेलन गर्ने भएको छ । पार्टी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’को अध्यक्षतामा आज भएको केन्द्रीय पदाधिकारी बैठकले विधान सम्मेलन अगाडि स्थायी समिति र केन्द्रीय समिति बैठक गर्ने निर्णय गरेको हो । स्थायी समिति बैठक यही पुस महिनाको अन्तिममा बस्ने भएको छ ।

बैठकले सात सदस्यीय विधान मस्यौदा समितिसमेत गठन गरेको पार्टी सचिव गणेश साहले जानकारी दिए । समितिमा उपाध्यक्ष पम्फा भुसाल, महासचिव देवप्रसाद गुरुङ, उपमहासचिवत्रय गिरिराजमणि पोखरेल, वर्षमान पुन र जनार्दन शर्मा तथा सचिवद्वय साह र सुरेन्द्र कार्की रहेका छन् । समितिले १५ दिनभित्र विधानको मस्यौदा तयार गर्नेछ ।बैठकले यही पुस १६ गते सबै स्थानीय तहमा जनपरिचालन गरेर पार्टी रुपान्तरण अभियानको समापन गर्ने निर्णय गरेको सचिव साहले जानकारी दिए । माओवादीले गत भदौ १६ गतेदेखि रुपान्तरण अभियान सञ्चालन गरेको थियो । बैठकले रुपान्तरण अभियान प्रभावकारी भएको निष्कर्ष निकालेको छ ।

# आणविक हमला गर्न नहिच्किचाउने उत्तर कोरियाली नेताको चेतावनी

**सिन्ह्वा**

सियोल । उत्तर कोरियाले 'शत्रले आणविक अस्त्र' ले उक्साएमा उसले पनि आणविक अस्त्र प्रयोग गर्ने चेतावनी दिएको छ ।प्योङ्याङलाई 'आणविक हतियारले उक्साएमा' आणविक आक्रमण गर्न नहिचकिचाउने उत्तर कोरियालाई ली नेता किम जोङ उनले बताउनुभएको हो । यद्यपि सियोल र उसका सहयोगीले 'बिना शर्त वार्ता' गर्न उत्तर कोरियालाई आह्वान गरेका छन् ।



गत साता वासिङ्टनमा दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाबीच भएको बैठकपछि किमले यस्तो चेतावनी दिनुभएको हो । बैठकको कार्यसूचीमा 'आणविक र रणनीतिक योजना' समावेश गरिएको थियो र सहयोगीहरूले संयुक्त राज्य अमेरिका वा दक्षिण कोरियामाथि प्योङ्याङले गरेको कुनै पनि आणविक आक्रमणले उत्तर कोरियाली शासनको अन्त्य हुने कुरा दोहोऱ्याएका थिए ।

तर किमले आफ्नो सेनाको क्षेप्यास्त्र ब्युरोलाई 'शत्रुले आणविक हतियारले उक्साएमा आणविक आक्रमण गर्न समेत नहिचकिचाउन' भनेको प्योङ्याङको कोरियाली केन्द्रिय समाचार संस्था (केसीएनए) ले बिहीबार जनाएको छ ।त्यसको केही समयपछि वासिङ्टन, सियोल र टोकियोले वक्तव्य जारी गर्दै आणविक शक्ति सम्पन्न मुलुकलाई ' थप उक्साहट नगर्न र बिना कुनै पूर्वशर्त ठोस वार्तामा संलग्न हुने आह्वानलाई स्वीकार गर्न' आग्रह गरेका थिए ।

यस वर्ष प्योङ्याङले गरेको हतियार परीक्षणको कीर्तिमानी शृत लाको सामना गर्दै तीनै देशले प्रतिरक्षा सहयोग बढाएका छन् र मङ्गलबार उत्तर कोरियाली क्षेप्यास्त्र प्रक्षेपणको वास्तविक समयको तथ्याङ्क सार्वजनिक गर्ने प्रणाली सक्रिय गरेका छन् ।उत्तर कोरियाले सोमबार आफ्नो सबैभन्दा शक्तिशाली अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र ह्वासोङ-१८ प्रक्षेपण गरेको थियो र पछि यसलाई वासिङ्टन र उसका सहयोगीहरूको निरन्तरको 'सैन्य खतरा' को रक्षाका लागि गरिएको बताएको थियो ।

गत हप्ता दक्षिण कोरियाको बन्दरगाह शहर बुसानमा अमेरिकी आणविक शक्तिसम्पन्न पनडुब्बी पुगेको थियो र बुधबार वासिङ्टनले सियोल र टोकियोसँगको अभ्यासमा आफ्ना लामो दूरीका बमवर्षक विमान उडाएको थियो ।उत्तर कोरियाले हालै 'कोरियाली प्रायद्वीप कानुनअनुसार युद्धको अवस्थामा रहेको' र वासिङ्टनले दक्षिणमा तैनाथ गरेको 'रणनीतिक सम्पत्ति' विनाशको पहिलो निशाना हुने बताएको छ ।

गत अक्टोबरमा सियोल, टोकियो र वासिङ्टनको पहिलो संयुक्त हवाई अभ्यासमा आणविक हतियार बोक्न सक्ने अमेरिकी बी-५२ बमवर्षक विमानले भाग लिएपछि प्योङ्याङले उक्त अभ्यासलाई 'अमेरिकाको जानाजानी आणविक युद्ध उत्तेजक कदम' भनेको थियो ।प्योङ्याङले संयुक्तराज्यअमेरिकारउसकासहयोगीहरूको अभ्यासलाई आक्रमणको पूर्वाभ्यासको रूपमा हेर्छ र लामो समयदेखि क्षेप्यास्त्र प्रक्षेपणलाई आवश्यक 'प्रतिकार' को रूपमा न्यायोचित ठहऱ्याउँदै आएको छ । प्योङ्याङले गत वर्ष आफूलाई ' अपरिवर्तनीय' आणविक शक्ति घोषणा गरेको थियो र उसले आफ्नो आणविक कार्यक्रम कहिल्यै नछोड्ने बताउँदै आएको छ ।

अन्तरविद्यालय क्रिकेट :

# सेमिफाइनको समिकरण पुरा

**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधाममा जारी दोस्रो अन्तरविद्यालय टी-२० क्रिकेट प्रतियोगिताको सेमिफाइनल समिकरण पुरा भएको छ । रजौलस्थित रामजानकी बहुउद्देश्य अन्तराष्ट्रिय क्रिकेट रंगशालामा भइरहेको प्रतियोगितामा ऐरे इन्टरनेशनल स्कुल, सिद्धार्थ शिशु सदन, मिथिला इन्सटिच्यूट अफ टेक्नोलोजी (मिट) र मदर ट्रेशा पब्लिक स्कुल क्वाटर फाइनलमा जित हासिल गर्दै सेमिफाइनलमा पुगेको हो ।




विहीबार भएको तेस्रो क्वाटर फाइनल खेलमा मदर ट्रेशाले ओम इन्टरनेशनल स्कुललाई ७८ रनले पराजित गरेको छ । टस जितेर पहिला ब्याटिङ गरेका मदर ट्रेशाले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय २७ रनको लक्ष्य प्रतिद्धन्धी टिम ओम इन्नेशनल समक्ष प्रस्तुत गरेका थिए ।

मदर ट्रेशाका लागि युवराज शर्माले ५३ बलमा ३१ रन, बजरंगी साहले ३१ बलमा २६ रन र किशन साहले १३ बलमा १३ रन टिमको लागि जोडेका थिए । यस टिमका अन्य ब्याट्स म्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

ओम इन्टरनेशनलका लागि बलिङ गरेका विवेक मण्डलले २, राधे ऋषिले २, शाहिल अन्सारी र वारिस मन्सुरीले एक/एक विकेट लिएका थिए । जवाफी ब्याटिङका लागि उत्रेका ओमका खेलाडीह? ११ ओभर ३ बलमै सबै विकेट गुमाएर मात्र ४८ रन बनाउन सके । यस टिमको कमजोर ब्याटिङ देखिएको थियो । शाहिल अन्सारीले १३ बलमा १७ रन र शिवम यादवले ११ बलमा ११ रन मात्रै बनाए । यस टिमका लागि अन्य ब्याट्स म्यानले सम्मानजनक रन बनाउन सकेनन् ।

मदर ट्रेशाका लागि बलिङ गरेका किशन साहले तीन, सुमित यादवले दुई, मनिष मण्डल, बिनम्र कुमार र युवराज शर्माले एक/एक विकेट लिएका थिए । यस खेलका म्यान अफ द म्याच मदर ट्रेशाका किशन साह घोषित भएका थिए ।

यस्तै, चौथौं क्वाटर फाइनल खेलमा ऐरे इन्टरनेशनल स्कुलले मोर्डन इङ्गलिश बोर्डिङ स्कुललाई ४८ रनले पराजित गरेको हो । टस जितेर पहिला ब्याटिङ राजेका ऐरेका खेलाडीह? निर्धारित २० ओभरमा ६ विकेट गुमाएर एक सय ५८ रनको लक्ष्य प्रतिद्धन्धी टिम समक्ष प्रस्तुत गरेका थिए ।

ऐरेका लागि शाहिल राइनले उत्कृष्ट ब्याटिङ गरेका थिए । उनले पाँच चौका र दुई छक्काको मद्दतले ३६ बलमा ५२ रनको योगदान दिए । यसै टिमका लागि ?पेश ठाकुर नटआउट १६ बलमा १९ रन, अयुग शर्माले २१ बलमा १८ रन र युवराज साहले १६ बलमा १४ रन बनाएका थिए ।मोर्डन इङ्गलिशका लागि बलिङ गरेका शिवम पञ्जियारले तीन, पिन्टु यादव र अभिषेक यादवले एक/एक विकेट लिएका थिए ।

जवाफी ब्याटिङमा उत्रेका मोर्डन इङ्गलिशका खेलाडीह? १६ ओभर ३ बलमा सबै विकेट गुमाएर मात्र एक सय ९ रन बनाउन सकेका थिए । यस टिमका लागि विशाल साहले २५, आयुष पञ्जियारले १६ र आयुष खड्काले १२ रन बनाएका थिए । यस टिमका अन्य ब्याट्स म्यानले दोहोरो अंकमा रन बनाउन सकेका थिएनन् ।

ऐरेका लागि बलिङ गरेका अकाश ठाकुर, ?पेश ठाकुर र शाहिल राइनले तीन/तीन विकेट लिएका थिए । यस खेलका म्यान अफ द म्याच शाहिल राइन घोषित भएका थिए । विजयी भएका चारै टिम शुक्रबार फाइनलमा पुग्न प्रतिस्पर्धा गर्ने छन् । यस प्रतियोगिताको फाइनल खेल शनिबार हुने आयोजक संस्थाले जनाएको छ ।

# गाजामा बालबालिकाका लागि पिउने पानीको सङ्कट

**एएफपी**

संयुक्त राष्ट्रसङ्घ । गाजामा सुरक्षित पिउने पानीको अभावले रोगका कारण 'धेरै बालबालिका'को दुःखद मृत्यु हुन सक्ने चेतावनी दिइएको छ ।



संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) का प्रमुख क्याथरिन रसेलले बुधबार गाजामा सुरक्षित पिउने पानीको अभावले रोगका कारण 'धेरै बालबालिका'को दुःखद मृत्यु हुन सक्ने चेतावनी दिनुभएको हो । "पर्याप्त मात्रामा स्वच्छ पानीको पहुँच जीवन र मृत्युको विषय हो", युनिसेफकी कार्यकारी निर्देशक रसेलले भन्नुभयो, "गाजाका बालबालिकाले ' थोपा थोपा' मात्र स्वच्छ पानी पिउन पाएका छन् । यसका कारण बालबालिका र उनीहरूका परिवारले असुरक्षित स्रोतहरूको पानी प्रयोग गरिरहेका छन् जुन अत्यधिक प्रदूषित छ । सुरक्षित पानीको अभावमा आगामी दिनमा अझ धेरै बालबालिका अभाव र रोगका कारण मर्नेछन् ।"

करिब १० हप्ताभन्दा बढी समयदेखि निरन्तर बमबारी भइरहेको घटनापछि मानवीय सतर्कता अपनाइएको हो । गाजा पट्टीको पानी उत्पादन, उपचार र वितरण सञ्जाललाई ठूलो असर पार्ने बमबारीबाट बच्नका लागि १४ लाखभन्दा बढी विस्थापित गाजावासीले प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय युएनआरडब्लुएद्वारा सञ्चालित सुविधाहरूमा वा नजिकै आश्रय लिएका छन् ।

युनिसेफका अनुसार दक्षिणी राफा प्रान्तमा हालै विस्थापित बालबालिकासँग दैनिक डेढदेखि दुई लिटर मात्र पानी छ र स्वच्छ खानेपानीको सेवा 'अवरूद्ध अवस्थामा' छ ।

संयुक्त राष्ट्रसङ्घीय निकायले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "बाँच्नका लागि मात्र दैनिक न्यूनतम तीन लिटर पानी आवश्यक पर्छ । पिउने पानीको अभावका कारण लाखौं विस्थापित भएका र तीमध्ये आधा बालबालिका पनि खाद्यान्न, आवास, औषधि र सुरक्षाको खाँचोमा छन् ।"

युनिसेफले बालबालिकामा झाडापखाला, रोग र कुपोषणको जोखिम बढी हुने भएकोले यस अवस्थाको असर विशेष गरी चिन्ताजनक रहेको चेतावनी दिएसँगै गाजामा आधारभूत पानी र सरसफाइ सेवा प्रदान गर्ने कम्तीमा ५० प्रतिशतसरसफाईका सेवाहरू पनि क्षतिग्रस्त वा नष्ट भएका छन् ।

# सिङ्गापुरस्थित क्रिप्टो कोषको १.१४ अर्ब डलर जफत

**एएफपी**

सिङ्गापुर । सिङ्गापुरको एक अदालतले आर्थिकरूपमा पतन भएको क्रिप्टोकरेन्सी हेज फण्ड थ्री एरोज क्यापिटलका संस्थापकहरूको विश्वव्यापी सम्पत्ति १.१४ अर्ब अमेरिकी डलर जफत गर्न आदेश दिएको छ ।

थ्री एरो क्यापिटलले गत वर्ष आर्थिकरूपमा सङ्कटग्रस्थ बनेको भन्दै निवेदन दायर गरेको थियो । क्रिप्टो बजारमा मूल्यहरू घट्दै जाँदा यसको सम्पत्तिमा ठूलो कारोबार रोकिएपछि संस्था आर्थिकरूपमा धराशायी बनेको थियो । बेलायती भर्जिन आइल्यान्डको एक अदालतले सहसंस्थापक सु झू र काइल डेभिस तथा डेभिसकी पत्नी केली चेनविरुद्ध सोमबार उक्त आदेश जारी गरेको कारोबार रकम व्यवस्थापनका लागि जिम्मेवारी तोकिएको टेनेओ नामक संस्थाले जनाएको छ ।

आदेशमा भनिएको छ, "उनीहरूले आफ्नो सम्पत्ति (स्थानान्तरण वा बिक्री सहित) १.१४४ अर्ब अमेरिकी डलरबराबरको कारोबार गर्न रोक लगाएका छन् ।""यसले थ्री एरोका संस्थापकका विपषी र सहयोगीहरूलाई उनीहरूको कानुनी दायित्व र जोखिमको बारेमा स्पष्ट सङ्केत पनि दिएको छ," विज्ञप्तिमा भनिएको छ ।आदेशमा डेभिसकी श्रीमतीलाई समावेश गर्नुले 'लिक्विडेटर'हरूले सम्पत्ति पुनः प्राप्त गर्ने प्रयासको थप विस्तारलाई सङ्केत गर्दछ ।

गत सेप्टेम्बरको अन्त्यतिर सिङ्गापुरबाट उडान भर्ने क्रममा झुलाई पक्राउ गरिएको थियो र उनी चार महिनादेखि जेल जीवन बिताइरहेका छन् । डेभिस र उहाँकी पत्नीको ठेगाना अहिले थाहा छैन । तीनै जना सिङ्गापुरका नागरिक हुन् । सिङ्गापुरको मौद्रिक प्राधिकरणले झू र डेभिसलाई नौ-नौ वर्षका लागि देशमा नियमित लगानी गतिविधि सञ्चालन गर्न प्रतिबन्ध लगाएको थियो ।

लिक्विडेटर, ब्रिटिश भर्जिन आइल्याण्ड्सको एक अदालतले दिवालियापनको अध्यक्षता गर्न आदेश दिएको छ, थ्री एरोको सम्पत्ति पुनर्प्राप्त गर्न र कम्पनी असफल भएपछि यसको कारोबारलाई फिर्ता ल्याउने प्रयास गरिरहेको छ ।यद्यपि, उसले झु र डेभिसलाई रकम फिर्ता गर्ने प्रयासमा सहयोग नगरेको र स्वेच्छाले जानकारी प्रदान गर्न असफल भएको आरोप लगाएको छ ।

# बागमतीद्वारा मधेश प्रदेश पराजित

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री कप महिला टि-२० क्रिकेट प्रतियोगितामा बागमती प्रदेशले मधेस प्रदेशलाई पराजित गरेको छ । बागमतीले मधेसलाई २८ रनले हराएको हो ।



कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा मधेस प्रदेशले टस जितेर पहिला फिल्डिङ राजेको थियो । बागमतीले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै एक सय १७ रन बनायो । एक सय १८ रनको विजय लक्ष्य पछ्याएको मधेसले पाँच विकेटको क्षतिमा ८९ रन मात्र बनाउन सक्यो । बागमतीका लागि यशोदा विष्टले अविजित ४७, कप्तान अश्मिना कर्माचार्यले अविजित ३० र हेलिशा गुरुङले १२ रन बनाइन् । बलिङतर्फ मधेसकी पूजा महतोले दुई तथा कविता गौतमले एक विकेट लिइन् ।

यसैगरी मधेस प्रदेशका लागि ८७ रन बनाउने क्रममा पूजा महतोले सर्वाधिक ३५ रन बनाइन् । उनले ४५ बल खेल्दै चार चौका हिर्काइन् । यसैगरी अनुराधा चौधरीले २८ बलमा तीन चौकासहित २१ रन तथा प्रतिमा शाहले १४ रन बनाइन् । बलिङतर्फ बागमतीकी अश्मिना कर्माचार्यले दुई तथा मनिषा उपाध्यायले एक विकेट लिइन् । यसैबीच प्रधानमन्त्री कप महिला टि-२० क्रिकेट प्रतियोगिताअन्तर्गत अहिले कीर्तिपुर खेल मैदानमा गण्डकी प्रदेश र लुम्बिनी प्रदेशबीच तथा अर्को खेल मुलपानी खेल मैदानमा नेपाल पुलिस क्लब र नेपाल आर्मी क्लबबीच भइरहेको छ ।

# तीन वर्षको जेल बसाइपछि स्वदेश फिर्ता

**एएफपी**

काराकास । भेनेजुएलाका कूटनीतिज्ञ एलेक्स साब संयुक्त राज्य अमेरिकामा तीन वर्षभन्दा लामो जेल जीवन बिताएर स्वदेश फर्किनुभएको छ ।



"भेनेजुएलाको सरकारले हाम्रा कूटनीतिज्ञ एलेक्स साबको रिहाई र स्वदेश फिर्तापछि खुशी व्यक्त गरेको छ । उहाँलाई आजसम्म अन्यायपूर्ण तरिकाले अमेरिकी जेलमा राखिएको थियो," सञ्चार र सूचना मन्त्री फ्रेडी नानेजले एक्स (ट्वीटर) मा उल्लेख गर्नुभएको छ । सरकारको आधिकारिक विज्ञप्तिमा भनिएको छ, "साबलाई अमेरिकी सरकारले एकतर्फी बलप्रयोग वा प्रतिबन्धको सामना गरिरहेका भेनेजुएलाका नागरिकको 'सामाजिक अधिकारको रक्षा' गर्ने प्रयासका कारण निशाना बनाएको थियो ।"

विज्ञप्तिमा भनिएको छ, "मानव अधिकार र कूटनीतिक उन्मुक्ति प्रदान गर्ने संयुक्त राष्ट्रसंघीय भियना कन्भेन्सनको उल्लङ्घन गरी उहाँलाई क्रूर, अमानवीय र अपमानजनक व्यवहारअन्तर्गत साढे तीन वर्ष गैरकानुनी रूपमा थुनामा राखिएको थियो । देशले उहाँको रिहाइ र स्वदेश फिर्तालाई गर्वका साथ स्वागत गर्दछ ।"सन्देशमा सञ्चारमन्त्री नानेजले काराकासले भेनेजुएलाका सबै जनताविरुद्ध अमेरिकी सरकारले लगाएको आपराधिक नाकाबन्दीको निश्चित, तत्काल र निःशर्त अन्त्य गर्न पनि माग गर्नुभएको छ ।

साबलाई सन् २०२० को जुन १२ मा केप भर्डमा अन्तर ाष्ट्रिय आपराधिक प्रहरी सङ्गठन (इन्टरपोल) ले गिरफ्तार गरेको थियो र अक्टोबर २०२१ मा भेनेजुएला सरकारले उहाँको गिरफ्तारीलाई 'अपहरण' को संज्ञा दिएको थियो । उहाँलाई संयुक्त राज्य अमेरिका लगेको थियो । उहाँको गिरफ्तारीपछि काराकासमेक्सिकोमाभेनेजुएलाको विपक्षीहरूसँगको वार्ताबाट पछि हटेको थियो ।

# रूसद्वारा बिहीबार व्यापक हवाइ आक्रमण



**एएफपी**

कीएभ । युक्रेनी राजधानी कीएभ तथा देशका अन्य स्थानहरूमा रूसी सेनाले बिहीबार रातभरि हवाई आक्रमण तथा दर्जनौं इरानी प्रविधि प्रयोग गरिएका ड्रोनहरू खसालेको युक्रेनले जनाएको छ ।

"रूसी सेनाले तीन तिरबाट विभिन्न प्रकारका हवाइ अस्त्रद्वारा आक्रमण गरी कब्जा गरिएको क्रिमिया, प्रिमोर्स्को यक्रेनी वायु सेनाले टेलिग्राम मार्फत जनाएको छ ।टेलिग्रामले कुनै पनि विनासको रिपोर्ट नगरी ३५ मध्ये ३४ ड्रोनलाई खसालेको मात्र उल्लेख गरेको छ ।युक्रेनमा पछिल्लो समय दिनहु जस्तो ड्रोन आक्रमण भएका छन् । कीएभले आफ्नो युरोपेली र अमेरिकी सहयोगीहरूबाट प्राप्त हतियार हरूसहित आफ्नो वायु रक्षा प्रणालीलाई बलियो बनाएको छ ।

पछिल्लो समय मस्कोले रातिको समयमा आक्रमणलाई तीव्र पारेको छ । युक्रेनले रूसको आक्रमणको सामना गर्नका लागि आफ्ना सहयोगीहरूलाई थप हवाई रक्षा प्रणाली उपलब्ध गराउन आग्रह गरेको छ ।यसै सन्दर्भमा अमेरिकी सिनेटका प्रजातान्त्रिक तथा गणतान्त्रिक नेताहरूले मङ्गलबार वर्षको अन्त्यभन्दा अघि युक्रेनका लागि नयाँ सहायता स्वीकृत गर्न सक्षम नहुने बताएका छन् ।कीएभले क्रेमलिनलाई चिसो समयमा देशलाई अन्धकार र चिसोमा डुबाई आफ्ना नागरिकहरूलाई आतङ्कित पार्न ऊर्जा सुविधाहरू नष्ट गर्न खोजेको आरोप लगाएको छ ।

# एपीएफद्वारा सुदूरपश्चिम पराजित

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री कप महिला टि-२० क्रिकेट प्रतियोगितामा सशस्त्र प्रहरी बलको एपीएफ क्लबले सुदूरपश्चिम प्रदेशलाई पराजित गरेको छ । एपीएफले सुदूरपश्चिमलाई नौ विकेटले हराएको हो ।




काठमाडौंको मुलपानी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा विहिबार सुदूरपश्चिम टोलीका कप्तान ऋतु कनौजियाले टस जितेर पहिला ब्याटिङ गर्ने निर्णय गरेकी थिइन् । सुदूरपश्चिमले निर्धारित २० ओभरको खेलमा नौ विकेट गुमाउँदै ८७ रन बनायो । अठासी रनको विजय लक्ष्य एपीएफले १७औं ओभरको पहिलो बलमा मात्र एक विकेट गुमाएर भेट्टायो । एपीएफका लागि ज्योति पाण्डेले अविजित ४९ तथा इन्दू बर्माले अविजित ३१ रन बनाइन् । पाण्डेले ४८ बल खेल्ने क्रममा नौ चौका हिर्काइन् । यस्तै बर्माले ४४ बलको सामना गर्दै चार चौका प्रहार गरिन् । बलिङतर्फ सुदूरपश्चिमकी इश्वरी विष्टले एक विकेट लिइन् ।

यसअघि ब्याटिङ गर्ने क्रममा सुदूरपश्चिमका लागि कविता जोशीले २२ र सम्झना खड्काले १२ रन बनाइन् । यो बाहेक अन्य कुनै पनि खेलाडीले दोहरो अङ्कमा रन बनाउन सकेनन् । बलिङतर्फ एपीएफका लागि सोनु खड्काले दुई तथा सुमन विष्ट, करुणा भण्डारी र इन्दू बर्माले एक एक विकेट लिइन् ।

# चरन अभावले मौरीपालनमा समस्या

**टुडे समाचारदाता**

दाङ । दाङको घोराही उपमहानगरपालिका-४ सुनपुरका हिमलाल चौधरीले चार वर्षदेखि व्यावसायिकरुपमा मौरीपालन गर्दै आएका छन् । एउटा याममा दुइपटक मह निकाल्न मिल्ने र मनग्य आम्दानी हुने गरेको उनी बताउछन् । चौधरीले दश घारबाट मौरीपालन थाल्नु भएको हो । हाल उहाँसँग मौरीका ७० घार रहेका छन् ।



वर्षात्को समयमा मौरी चरनका लागि समस्या हुने गरेको चौधरी बताउछन् । "चरनकै समस्याले घारको सङ्ख्या घटेर ४० पुगेको छ", उनले भने । मौरीपालन व्यवसाय आय आर्जनको गतिलो माध्यम बनेको उनले बताए । एकपटक मह काढ्दा रु एक लाखसम्म आम्दानी हुने गरेको चौधरीले बताए ।

"मह बिक्रीका लागि समस्या छैन, गाउँघर र बजारमा बिक्री भइरहेको छ । तर मौरी चरनको भने समस्या छ । खेतबारीमा तोरी हुँदामात्रै चरनको सुविधा हुन्छ । त्यसपछि जिल्ला बाहिर लैजानुपर्छ", चौधरीले भने । चिउरी र रुदेलो पर्याप्त मात्रामा नपाउँदा मौरी चराउन अन्य जिल्ला जानुपर्ने बाध्यता छ । मौरी चराउन लैजाँदा एकजना सँगै जानुपर्छ । घरदेखि टाढा जाँदा घरको काममा बाधा पर्छ ।

यसैगरी घोराही-१८ मसिनाका माधव सुवेदीले व्यावसायिकरुपमा मौरी पाल्न थालेको पाँच वर्ष भयो । उनीसँग एक सय २० मौरीका घार छन् । एक वर्षमा चार पटक मह काढ्ने गरेको सुवेदीले बताए । उनले घोराही-१७ कर्जाही, वडा नं ६ गुरुवागाउँ र वडा नं १८ को गिठेपानीमा मौरी चराउन लैजाने गरेका छन् । मौरी पाल्न चरनको अभाव छ किसानले तरकारी र अन्यबालीनालीमा विषादी छर्ने गरेका कारण मौरी चरनमा समस्या भएको सुवेदीको भनाइ छ ।

नेपाल मौरीपालक महासङ्घ जिल्ला अध्यक्ष विष्णु श्रेष्ठले जिल्लामा २० हजारभन्दा बढी मौरीका घार रहेको बताए । ती घारबाट वार्षिक करिब चार सय मेट्रिकटन मह उत्पादन हुने गरेको उनले जानकारी दिए । मौरीपालक किसानले उत्पादन गरेको मह बिक्री गर्न बजारको समस्या नभएको श्रेष्ठको भनाइ छ । घोराहीभित्र पाँच हजार, तुलसीपुरभित्र तीन हजार दुई सय, बबईमा एक हजार, शान्तिनगरमा दुई हजार आठ सय, दङ्गीशरणमा एक हजार दुई सय र बङ्गलाचुलीमा तीन हजार दुई सय मौरीका घार रहेका उनले बताए ।

कृषि ज्ञान केन्द्रमा कार्यरत मौरी विज्ञ रुद्रमणि पौडेलले दाङमा किसानको मौरीपालनतर्फ आकर्षण बढ्दो भएपनि चरनको समस्या रहेको बताए । कृषि ज्ञानकेन्द्र र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको मौरी जोनले मौरीपालनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । जोनले मौरी चराउनका लागि ढुवानी, सामग्री खरिदलगायतमा किसानलाई ५० प्रतिशत अनुदान दिने गरेको विज्ञ पौडेलले बताए ।

# घाँस बेचेर शिक्षकलाई तलब

**टुडे समाचारदाता**

महेन्द्रनगर । एउटा सरकारी विद्यालयमा कार्यरत शिक्षक विद्यालय परिसरमा रहेको मैदानको घाँस बेचेर तलब खान्छन् भन्दा पत्यार नलाग्न सक्छ । तर त्यो यथार्थ डडेल्धुराको भित्रीमधेश क्षेत्र परशुराम नगरपालिका-६ चन्दनीस्थित सिद्धनाथ माध्यमिक विद्यालयका निजी स्तरका शिक्षकले भोग्दै आएका छन् ।



विसं २०३१ मा स्थापना भएको विद्यालयले हजारौं विद्यार्थी उत्पादन गरेर शिक्षा, स्वास्थ्य, कर्मचारी र राजनीतिक क्षेत्रमा दक्षजनशक्ति दिएको उक्त विद्यालयको आन्तरिक स्रोत नहुँदा समस्या छ । निजी स्रोतका शिक्षक एवं कर्मचारीलाई तलब खुवाउनकै लागि गाउँमा चन्दा सहयोगदेखि विद्यालयको दुई बिघा क्षेत्रफलमा हुने घाँस बिक्री गरेर समेत आर्थिक जोहो गर्नुपरेको विद्यालयका प्रधानाध्यापक गौरीदत्त भट्टराईले बताए ।

"स्थानीय सामुदायिक वनले विगतमा सहयोग गर्दा विद्यालय सञ्चालनमा अलि सहयोग पुगेको थियो ।" प्रधानाध्यापक भट्टराईले भने, "केही वर्षयता वन पदाधीकारी मुद्दामा मुछिएपछि त्यो पनि बन्द भयो ।" प्राविदेखि दश जोड दुईसम्म २७२ जना विद्यार्थी अध्ययनरत रहेको विद्यालयमा २० जना शिक्षक कर्मचारी कार्यरत छन् ।

"मैदानको घाँस बिक्रीबाट रु १५/२० हजार र अर्को स्कूलको एउटा घर प्रहरी चौकीलाई भाडामा दिँदा मासिक रु चार हजार आउँछ ।" उनले भने-" त्यो बाहेक विद्यार्थीको प्रमाणपत्र लिँदाको शुल्क र स्थानीयले दिएको चन्दा सहयोगले पनि जेनतेन निजी शिक्षकलाई तलब खुवाउनु परेको छ ।"विद्यालयमा कम्प्युटर सहायक, पुस्तकालय सहायक, परिचर र एक जना दश जोड दुई तहमा अध्यापनरत शिक्षक गरी चार जना निजी स्रोतका शिक्षक रहेका छन् । स्थानीय तहको निर्वाचनका बेला परशुराम नगरपालिकाले निजी स्रोतका शिक्षकलाई रु ३५ हजार मासिक दिने भनेर आश्वासन दिएपनि त्यो कार्यान्वयन नभएको प्रधानाध्यापक भट्टराईको गुनासो छ ।

"नगरपालिकामै बोलाएर आश्वासन दिएपनि रकम प्राप्त भएको छैन् ।" उनले भने- "निजी स्रोतका शिक्षकलाई विदाई गरौं यता पढाई प्रभावित हुने चिन्ता छ ।" उनले निजी स्रोतका शिक्षक कर्मचारीमा मासिक रु ८० हजार खर्च हुने गरेको जानकारी दिए । विद्यालयको मुद्दती खातामा रहेको रकमबाट मासिक रु ६० हजार व्याज आउने भएकाले पनि केही राहत भएको उनको भनाइ थियो । विद्यालयमा सात जना शिक्षक स्थायी, चार जना निजी स्रोत र बाँकी नौ जना राहत र करारमा कार्यरत रहेको विद्यालय प्रशासनले जनाएको छ ।

# सीप सिकेर स्वरोजगार बन्दै महिला

**टुडे समाचारदाता**

दाङ । दाङका महिला सीप सिकेर स्वरोजगार बन्न थालेका छन् । घोराही उपमहानगरपालिका-१४ स्थित स्वप्न होजियारी उद्योग एवं प्रशिक्षण केन्द्रमा महिला सीप सिकेर स्वरोजगार बन्न थालेका हुन् ।



आयआर्जनमा सहयोग पुगोस् भन्ने उद्देश्यले सीप सिक्न थालेको घोराही उपमहानगरपालिका-१४ कपासीका उमेरले ५० वर्ष पुगेकी मीना ओलीले बताईन् । उनले भनीन्, 'सीप सिक्छौँ, आत्मनिर्भर बन्छौँ, आयआर्जनको क्रियाकलापमा प्रत्यक्ष संलग्न हुन्छौँ ।' यस अघि उनले सुइटर, टोपी, मोजा लगायत बुन्न सिकेको बताईन् ।

प्रशिक्षण केन्द्रले बेरोजगार महिलालाई स्वरोजगार सिर्जना गर्नका लागि ऊनबाट बन्ने घर सजावटका सामग्री, खेलौना लगायतका सामग्री बुन्ने सीप प्रदान गरेको छ । केन्द्रमार्फत अन्य समयमा पनि विभिन्न बुनाई सम्बन्धी सीपयुक्त तालिम सञ्चालन भइरहन्छ । यसअघि आफूले सुइटर, मोजा, टोपी बुन्न सिकीसकेको ओलीको भनाइ छ । अब सीप सिकेर ऊनबाट निर्माण हुने विभिन्न प्रकारका डल बुनेर बजारसम्म लैजाने तयारी आफुहरुको रहेको उनले बताईन् । "यो सीपले हाम्रो जीवनस्तरमा सुधार ल्याउने आशा गरेका छौँ", उनले थपिन्, "सानो लगानीमा पनि व्यवसाय गर्न सकिने भएकाले आर्थिक अवस्थामा सहयोग पुग्ने आशा गरेका हौं ।" यसअघि चुलोचौको र पानीपँधेरामा सीमित हुने महिलाले सीप सिकेर आयआर्जन गरी आत्मनिर्भरको बाटो रोजेका छन् ।

घोराही उपमहानगरपालिका-१६ मघईका ३५ वर्षीया चमेली चौधरीले पनि मङ्सिर ७ गतेदेखि ऊनका सामग्री बनाउन सिक्दै आएकी छन् । अघिपछि घरमा त्यसै बस्दा आर्थिकरुपमा कसरी सशक्त हुन सकिन्छ भन्ने मात्रै सोचाइ आउँथ्यो तर अहिले व्यस्त हुँदा कुनै नकारात्मक कुरा सोच्नेसमेत समय नहुने गरेको बताइन् । यो अबधिमा पनि धेरै कुरा सिक्न पाएको उहाँको भनाइ छ । फुर्सदको समयलाई सीपमूलक काममा लगाइयो भने जीविकोपार्जनमा सहयोग पुग्ने उनको आशा रहेको छ ।

महिलालाई आत्मनिर्भर बनाउन स्वप्न होजियारी उद्योग एवं प्रशिक्षण केन्द्रका प्रमुख प्रशिक्षक रचना सुवेदी र विमला चौधरीले सीप सिकाउँदै आएकी छन् । केन्द्रमा हाल १५/१६ जना महिलाले सीप सिक्दै आएकी छन् । प्रशिक्षक सुवेदी सीप सिकेर व्यावसायिक रुपले अगाडि बढाउन प्रशिक्षार्थीलाई आग्रह गर्छन् । सिकेको सीपले बजारमा पाइने रेडिमेटभन्दा हातले बुनेका मोजा, टोपी बलियो र टिकाउ हुने उनको अनुभव छ ।

"सुवेदीले सीप सिकेर उत्पादन गरेका वस्तु बिक्रीका लागि जिल्लामा बजारको केही समस्या छ", उनले भनिन्, "स्थानीय सरकारले यसको बजारीकरणको लागि सहज वातावरण बनाइदिए राम्रो हुन्थ्यो । हाल यही समस्या रहेकाले मुख्य कुरा बजारीकरणको लागि हरेक निकायले पहल गरिदिए सहज हुने उनको भनाइ छ । साथै आयआर्जन न्यून भएका धेरै महिला सीप सिक्नबाट वञ्चित हुँदा सरकारले पनि महिलालाई स्वरोजगार बनाउन ध्यान दिन आवश्यक रहेको उनी बताउछन् । कतिपय महिलाले सीप सिक्न आउँदा दैनिक मजदुरी नै छुट्ने समस्या बताउने गरेको प्रशिक्षक सुवेदीको बताउछिन् । प्रशिक्षक सुवेदीले २०६९ सालदेखि प्रशिक्षकको काम गर्दै आएकी छन् ।

ऊनका सामग्री बनाएर विपन्न तथा आर्थिकरुपमा पछि परेका महिलाको आयआर्जनमा सुधार ल्याउने हिसाबले सीप प्रदान गरिएको अर्को प्रशिक्षक विमला चौधरीले बताईन् । एक महिनासम्म महिलालाई ऊनको धागोबाट विभिन्न प्रकारका खेलौना तथा घर सजावटका सामग्री बुन्न सिकाइरहेको उनको भनाइ छ । तालिमप्रश्चात् प्रशिक्षार्थीले उत्पादन गरेका सामग्रीलाई आफुले काठमाडौँ लगेर बजारीकरण गरिदिने उनी बताउछिन् ।

# इलाममा धानको उत्पादन बढ्यो

**टुडे समाचारदाता**

इलाम । इलाममा यस वर्ष धान उत्पादन बढेको छ । यस वर्ष गत वर्षको तुलनामा तीन मेट्रिक टन बढी धान उत्पादन भएको कृषि ज्ञान केन्द्र इलामका प्रमुख टोनी बर्देवाले जानकारी दिए ।

उनका अनुसार यस वर्ष ४९ हजार ८२ मेट्रिक टन धान उत्पादन भएको छ । गत वर्ष भने ४९ हजार ७९ मेट्रिक टन धान उत्पादन भएको थियो । यस वर्ष गत वर्षभन्दा धानको उत्पादकत्वसमेत बढेको छ । यद्यपि गत वर्षभन्दा यस वर्ष धान रोपाइँ हुने क्षेत्रफल भने घटेको छ । गत वर्ष १४ हजार आठ सय १५ हेक्टर क्षेत्रमा धान लगाइएकामा यस वर्ष १४ हजार आठ सय १० हेक्टर क्षेत्रमा मात्र धान लगाइएको थियो ।



गत वर्ष धानको उत्पादकत्व प्रतिहेक्टर तीन दशमलव ३१ मेट्रिक टन थियो । यस वर्ष बढेर प्रतिहेक्टर तीन दशमलव ३२ मेट्रिक टन पुगेको छ । परम्परागत कृषि प्रणालीमा सुधार गरी आधुनिक कृषि प्रणालीको प्रयोगसँगै मल, बीउबिजन र सिँचाइको उचित व्यवस्थापनले धान उत्पादन बढेको कृषि ज्ञान केन्द्रका प्रमुख बर्देवाले बताए ।

"हामीले किसानलाई विभिन्न मेसेरेनरी सामग्री तथा यन्त्र उपकरण अनुदानमा दिएका छौँ । यसले आधुनिक कृषि प्रणालीमा सहयोग पुर्याएको छ", उनले भने, "उनीहरूले पनि उन्नत बीउबिजनको प्रयोग गरे । मल र सिँचाइको समेत व्यवस्थापन गरे । यसर्थ क्षेत्रफल घटे पनि उत्पादनमा वृद्धि भएको हो ।"इलाममा रन्जित, राधा-४, चुल्ठे र अन्य स्थानीय जातका धानखेती गरिन्छ । जिल्लाको चुलाचुली गाउँपालिका र माई नगरपालिका एवं माङ्सेबुङ, सन्दकपुर र माईजोगमाई गाउँपालिकाको तल्लो क्षेत्रमा बढी मात्रामा धान उत्पादन हुने कृषि ज्ञान केन्द्रका प्रमुख बर्देवाले जानकारी दिए ।

यसैगरी कोदोमा पनि उत्पादकत्व बढेको छ । गत वर्ष प्रतिहेक्टर एक दशमलव २० मेट्रिक टन कोदो उत्पादन भएकामा यस वर्ष प्रतिहेक्टर एक दशमलव २१ मेट्रिक टन कोदो उत्पादन भएको छ । यस वर्ष एक हजार पाँच सय ८० हेक्टर क्षेत्रमा कोदोखेती गरिएकामा एक हजार नौ सय १५ मेट्रिक टन उत्पादन भएको छ । गत वर्ष एक हजार पाँच सय ९६ हेक्टर क्षेत्रमा कोदोखेती गरिएकामा एक हजार नौ सय १६ मेट्रिक टनमात्र कोदो उत्पादन भएको थियो ।

# रैथाने बालीसँगै परिकारको प्रवर्द्धन

**टुडे समाचारदाता**

पोखरा । "मलाई काठको दाबिलो प्रयोग गरेर कोदाको ढिडोसँगै रोटी र पुवा बनाएको भन्दा अरु केही थाहा थिएन तर अहिले यसबाट धेरै परिकार बन्दा रहेछन् भन्ने प्रत्यक्ष देख्ने र अनुभव गर्न पाएँ", पोखरा महानगरपालिका वडा नं २३ पञ्चासेका किसान टङ्कनाथ बस्ताकोटीले भने ।

पोखरा महानगरपालिकाको आयोजना एवं मलबेरी इन्स्टिच्युट अफ हस्पिटालिटीसँगको सहकार्यमा आयोजित तीनदिने रैथाने बाली उत्पादन तथा परिकार तयारीसम्बन्धी तालिममा सहभागी भइसकेपछि आफूले तालिमबाट धेरै कुरा सिक्न पाएको उनले अनुभव सुनाए । रोजगारीका क्रममा २० औँ वर्ष विदेशमा बसेको र गाडीको पेन्टरलगायतका काम गरेको विगत सम्झँदै उहाँले हाम्रै वरपर रहेका रैथाने प्रजातिबाट धेरै परिकार बनाउन सकिने त्यसबाट स्वरोजगार बन्न सकिने बताए । रोजगारीकै क्रममा बिरामी भएर फर्कनुपरेका धेरै अनुभव सुनाउँदै उहाँले हाम्रो देशमा ठाउँअनुसार हुनसक्ने खेतीको विस्तार गर्दै त्यसलाई उपयोग गर्न सकेमा विदेश भौतारिनु नपर्ने बताए ।

पहाडी भेगमा पाइने लप्सीबाट धेरै किसिमका परिकार बनाउन सकिने भए पनि त्यो त्यसै खेर गइरहेको जनाउँदै उहाँले गाउँ बस्तीका किसानलाई यसको उपयोग सम्बन्धमा तालिम दिनु आवश्यक भएको बताए । बस्ताकोटीजस्तै पोखरा महानगरपालिकाभित्रका अधिकांश वडालाई समेट्ने गरी गरिएको तीनदिने तालिमले हाम्रा रैथाने बालीको बहुउपयोग सम्बन्धमा धेरै जानकारी पाइएको तालिमका सहभागीले बताए ।

पोखरा महानगरपालिका वडा नं ३२ का रामराज वाग्लेलाई फर्सीको जाम, मसला आदि हुन्छ भन्ने कल्पनासम्म पनि थिएन । तालिममा सहभागी भइसकेपछि त्यही फर्सीबाट धेरै परिकार बनाउन सकिने जानकारी पाएको उनले बताए । तालिमकै अर्का सहभागी पोखरा महानगरपालिका वडा नं २४ पामेका किसान रामबहादुर सुवेदीले सयपत्री फूलको जाम, अचार आदि हुन्छ भन्ने सोच्नुभएको समेत थिएन । तीनदिने तालिमका क्रममा सयपत्री फूलबाट बन्ने जाम, अचार आदि देख्दा उनी दङ्ग परेका छन् । पर्याप्त सङ्ख्यामा उत्पादन गर्न सकिने सयपत्रीलाई प्रशोधन गरेर खाद्यवस्तु तयार गरेमात्रै पनि आयआर्जन गर्न सकिने आफूले पाएको उनले बताए ।

तालिमका सहभागीलाई सयपत्री फूलको जाम, सिस्नोको आइसक्रिम, फर्सीबाट बन्ने केचप, टिम्मुरे सस, पिरो सस, कोदोको दुनट, कुकिज, सिस्नोको अचार, आइसक्रिम, सयपत्री फूलको आइसक्रिम, अदुवा र लप्सीको क्यान्डी, खट्टामीठा क्यान्डी आदि परिकार बनाउने तालिम दिइएको मलबेरी इन्स्टिच्युट अफ हस्पिटालिटीका प्रमुख प्रशिक्षक पाक महर्षि सन्दीपकुमार केसीले जानकारी दिए ।

# तोकिएको अवधि भन्दा पहिलेनै योजना निर्माण

**टुडे समाचारदाता**

म्याग्दी । चौबीस महिना ठेक्का अवधि भएको म्याग्दीको एक सडक आयोजना एक वर्षमै निर्माण सकिएको छ ।

उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत म्याग्दीको बेनी नगरपालिका-८ कालीपुलबाट वडा नं ९ गलेश्वर जोड्ने बेनी-गलेश्वर खण्डको कालोपत्र गर्ने आयोजना लक्ष्यभन्दा एक वर्षअघि सकिएको हो ।

बेनी-जोमसोम-कोरला सडकअन्तर्गत ठेक्का लागेका खण्डमध्ये सबभन्दा छिटो, छोटो समयमा धेरै काम गरेको खण्ड बेनी-गलेश्वर रहेको योजनाका इन्जिनियर अच्युतविलास पन्तले बताए ।

"करिडोर दुई सय दुई किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडकको सातवटा प्याकेजको निर्माण सकिएको छ", उनले भने, "यसअघि छोसेर-कोरला खण्डको १८ किलोमिटर ग्राभेल गर्ने काम पनि लक्ष्यअघि नै सकिएको थियो ।"

गत मङ्सिर ९ गतेदेखि सात दशमलव पाँच मिटर चौडाइका दरले डिबिएसडी प्रविधिको कालोपत्र गर्न थालिएको थियो । प्राविधिक टोलीले सडकको नापजाँच गरिरहेको छ । दुई किलोमिटर एक सय दुई मिटर सडक कालोपत्र गर्न मङ्गलादेवी सुवास कन्ट्रक्सन प्रालिले भ्याट/पीएससहित रु १२ करोड ७५ लाख ९४ हजार चार सय ३६ मा २०७९ पुस १७ गते ठेक्का सम्झौता गरेको थियो । पर्याप्त उपकरण, निर्माण सामग्री र मजदुर परिचालन गरेर लक्ष्यअघि नै सम्पन्न गरेको निर्माण कम्पनीका सञ्चालक सुवासचन्द्र कार्कीले बताए ।

"आयोजना कार्यालय, स्थानीय प्रशासन, जनप्रतिनिधि र समुदायले योजना निर्माणमा पर्याप्त सहयोग तथा सहजीकरण हुँदा सहज भयो", उनले भने, "गत असारमै ८० प्रतिशत निर्माण सकिएको थियो ।" सो कम्पनीले तनहुँमा पनि हालै दुई वर्ष आयोजना लक्ष्यअघि नै निर्माण सकेको छ ।सडक फराकिलो बनाउने, पर्खाल, नाली, चारवटा कल्भर्ट, सबबेस, बेस र दुई सय मिटर आरसिसी ढलानपछि कालोपत्र गरिएको हो । यो सडक कालोपत्र भएपछि बेनी नगरपालिकासहित रघुगङ्गा र अन्नपूर्ण गाउँपालिका, मुस्ताङवासी र घुम्न आउने पर्यटकलाई आवतजावतमा सहज भएको छ ।

मुक्तिनाथ प्रवेशद्वारका रूपमा रहेको यो सडकखण्डलाई समयमै सम्पन्न गर्न आयोजनाका साथै स्थानीयरूपमा नियमित अनुगमन, निरीक्षण र समन्वय गरिएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताए । "बेनी-गलेश्वर सडक आयोजना ढिलासुस्ती गर्ने निर्माण व्यवसायीलाई चुनौती बनेको छ", उनले भने, "निर्माण व्यवसायीको इच्छाशक्ति, जनशक्ति, उपकरण परिचालन व्यवस्थित हुने, निर्माण सामग्रीको पर्याप्त व्यवस्थापन गर्ने तथा सरोकारवालाले नियमनसँगै सहजीकरण गर्ने हो भने ढिलासुस्ती हटाउन सकिने सन्देश दिएको छ ।"


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, खरिहानी गाउँ पंचायत वडा नं. ४ घर भई हाल धनुषा जिल्ला, सबैला न.पा. वडा नं. ३ बस्ने श्री गोखुल साह सोनारको नाति, नथुनी साह सोनारको छोरा, वर्ष ७२ को श्री राम सुन्दर साह सोनारको मिति २०८०/०७/२९ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४०६४६९ मा भएको रकम भुक्तानी पाउँ भनि निज मृतककी पत्नी परमेश्वरी कुमारी देवीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुरी नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुर-२, धनुषा
फोन नं. ०४१-५९०२६१



मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**पशु सेवा तालिम केन्द्र, जनकपुरधाम**
जनकपुरधाम, धनुषा

## बोलपत्र आव्हान सम्बन्धी सूचना

सूचना नं. : ०२-०८०/८१
प्रकाशित मिति: २०८०/०९/०६

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आव्हान गर्नुपर्ने भएकोले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (मिति २०८०/१०/०८ गते) को १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट धधधादयउिबतचबानयखालउरभनउ बाट इलष्लिभ द्यष्ममष्लन गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of work | Estimated Cost (w/o VAT and Contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1 | LSTC/Dhanusha/ Works/NCB/02-2080/81 | Construction of Office Block 1st Floor At Pashu Sewa Talim Kendra | NRs. 1,36,74,809.83 | NRs. 3,87,000.00 | NRs. 3000.00 |



नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा अंजनी सुईटबाट कार्यक्रम स्थलको लागि प्रस्थान गरिदै । फोटो : टुडे

# मुख्यन्यायाधिवक्तामा ठाकुरलाई हटाइँदै, झालाई ल्याउने तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउतले मुख्यन्यायाधिवक्तामा दीपेन्द्र झालाई ल्याउन सिफारिस गरेका छन् । राउतको नेतृत्वमा रहेको स्टेरिङ्ग कमिटीबाट झाको नाम मंगलबार सिफारिस गरिएको स्रोतले जनाएका छन् ।

सरोजकुमार यादव मुख्यमन्त्री भएदेखि मुख्यन्यायाधिवक्ता वीरेन्द्र ठाकुर रहेका छन् । जसपा निकटको कानुन व्यवसायीहरुको संगठनले सिफारिस गरेपछि ठाकुरलाई मुख्यन्यायाधिवक्ता नियुक्त गरिएको थियो ।

राउतको पाँच वर्षे मुख्यमन्त्री कालमा झा मुख्यन्यायाधिवक्ता थिए । उनको कारण तत्कालीन सरकार कयौं पटक विवादमा परेको थियो । राउतको सरकारमाथि झाको दवदवा रहेको पार्टी भित्र र कर्मचारीतन्त्रमा चर्चा थियो । झा कयौं समितिको संयोजक भए पनि प्रतिवेदन सार्वजनिक गरेन ।

उनी मुख्यन्यायाधिवक्ता हुँदा प्रदेश सरकारले अपेक्षा गरेको अनुसार कानुन बनाउन सकेन । उनी कानुन बनाउनु भन्दा बढी योजना सञ्चालनमा केन्द्रित रहेका कारण प्रदेश सरकारको व्यापक आलोचनासमेत भएको थियो । उनले कानुन बनाउन मधेश प्रदेश प्रहरीमा आइजीपी प्रमुख हुनुपर्ने बनाए । उनले बनाएका अधिकांश कानुन बाझिलो रहेका कारण कार्यान्वयनमा समेत समस्या हुने गरेका छन् ।



पूर्व मुख्यन्यायाधिवक्ता झाले विभिन्न मन्त्रालयहरुबाट बजेट लिने र योजना चलाउने गरेका थिए । पछिल्लो निर्वाचनमा महोत्तरी जिल्लाको क्षेत्र नम्वर २ को क बाट प्रदेश सभामा चुनाव लडेका थिए । जसपावाट उम्मेदवार भएका झाले जसपाबाट प्रतिनिधिसभाका उम्मेदवार हरिनारायण यादवलाई घात गरेको आरोप लागेको छ ।

ठाकुर करिव वर्ष दिन देखि मुख्यन्यायाधिवक्ताको रुपमा कार्यरत रहे पनि उनलाई बजेट र कर्मचारी भर्नामा चासो देखिएको छैन् ।

# प्रदेशलाई किशोरीमैत्री बनाउने योजना



**टुडे समाचारदाता**

वीरगंज । मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्रप्रसाद सिंहले प्रदेशलाई किशोरीमैत्री बनाउने योजनाका साथ यहाँका किशोरीहरूलाई साथी बनाएका छन् ।

मधेश प्रदेशको पर्सा जिल्लास्थित पर्सागढी नगरपालिकामा 'म बालिका हुँ, दुलही होइन' अभियानमा सम्बद्ध सामुदायिक विद्यालयका छात्राहरुले बिहीबार मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री सिंहलाई भेटेर साथी बन्न आह्वान गरेपछि उनले किशोरीहरुको प्रस्ताव स्वीकार गरे । पर्साका ११० जना किशोरीहरूले भिजन क्लब गठन गरेर विद्यालयस्तरमा महिनावारी स्वच्छता, यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार, बाल विवाह न्यूनीकरण, बाल सहभागिताजस्ता विषयमा छलफल चलाउँदै आएका छन् ।

एकीकृत ग्रामीण स्वास्थ्य विकास तालिम केन्द्रले पर्सागढीका किशोरीहरूलाई चेतनासँगै क्षमता विकासका लागि विभिन्न अभिमुखिकरण कार्यक्रम संचालन गर्दै आइरहेको छ । किशोरीहरूले मात्र यस विषयमा बोलेर आफ्नो नगर र समग्र प्रदेश किशोरीमैत्री नहुने भन्दै यसका लागि जनप्रतिनिधिसहित सरोकारवाला निकायका प्रतिनिधि सबैलाई साथी बनाएर एकीकृत पहलकदमी लिन यो उपाय अपनाइएको भिजन क्लबकी लिडर मधु यादवले बताइन् ।

यसै योजना अन्तर्गत मन्त्री सिंहसँग पनि किशोरीहरुले साथीको साइनो गाँसेकी थिइन् ।

किशोरीहरूसँग साथी बन्ने कार्यक्रमका क्रममा बोल्दै मन्त्री सिंहले मधेश प्रदेशमा बालिका तथा किशोरीहरूले भोग्नुपर्ने सामाजिक, मानसिक साथै यौन तथा प्रजनन स्वास्थ्यका समस्याहरुलाई निराकरण गर्न आफू लागि पर्ने बताए ।

# कानुन व्यवसायीहरुमा चुनावी सरगर्मी

**टुडे समाचारदाता**

राजविराज । कानुन व्यवसायीहरुको साझा संगठन उच्च अदालत बार एशोसिएशन राजविराजको निर्वाचन मिति नजिकिएसँगै कानुन व्यवसायीहरुमा सरगर्मी बढेको छ ।

एशोसिएशनको आगामी पुस १४ गते शनिबार नयाँ नेतृत्वका लागि निर्वाचन हुँदैछ । अध्यक्षसहित १३ पदका लागि हुने निर्वाचनमा लोकतान्त्रिक कानुन व्यवसायी समूह तथा प्रगतिशील पेशागत समावेशी कानुन व्यवसायी समूह प्यानलसहित चुनावी मैदानमा छन् ।



लोकतान्त्रिक कानुन व्यवसायी समूहबाट अध्यक्ष पदमा हरेराम यादव, उपाध्यक्ष धमेन्द्र यादव, सचिव मो.समिम अख्तर र कोषाध्यक्षमा उमाशंकर देव रहेका छन् । सोही प्यानलबाट सदस्यहरुमा डा.संतोष कुमार चमन यादव, दिनेश कुमार सिंह, डा.शिव नारायण यादव, रामचन्द्र मण्डल, राज कुमार साह, नित्यदेव प्रसाद यादव, चन्द्रकान्त यादव, किसुन देव ठाकुर र कौशल किशोर दत्त चुनावी मैदानमा रहेका छन् ।

त्यस्तै प्रगतिशील पेशागत समावेशी कानुन व्यवसायी समूहबाट अध्यक्ष पदमा बलराम प्रसाद सिंह, उपाध्यक्षमा तेजनारायण चौधरी, सचिवमा दानो कुमारी चौधरी र कोषाध्यक्षमा बालकृष्ण कार्की रहेका छन् ।

उक्त प्यानलबाट सदस्यहरुमा प्रदीप कुमार मण्डल, उदयचन्द्र जैन, राजकुमार टरैत, भागवत यादव, राम नारायण चौधरी, प्रेम कुमार आले, लिलाम्बर कर्ण र सुरेन्द्र कुमार दास चुनावी प्रतिस्पर्धामा छन् ।

कोषाध्यक्ष पदमा दुबै प्यानलमा न रही स्वतन्त्र उम्मेदवारी दिएर उपेन्द्र यादव पनि चुनावी प्रतिस्पर्धामा छन् । मनोनयन फिर्ता लिने अन्तिम दिन बिहीबार यादवले आफ्नो नाम फिर्ता नलिएर उम्मेदवारी कायमै राखे पछि कोषाध्यक्ष पदमा त्रिपक्षीय प्रतिस्पर्धा हुने भएको छ ।

त्यस्तै सह-सचिव पदमा भने दुबै प्यानलबाट उम्मेदवारी न परेपछि सो पद रिक्त हुन गएको र उक्त पद पछि मनोनयन प्रक्रियाबाट पूर्ति गरिने निर्वाचन समितिले जनाएको छ । त्यस्तै केन्द्रीय पार्षद पदमा लोकतान्त्रिक कानुन व्यवसायी समूहका सबै ९ जना निर्विरोध निर्वाचित भएका छन् ।

निर्वाचन समितिका संयोजक धीरेन्द्र कुमार यादवका अनुसार केन्द्रीय पार्षद पदमा डा. देव नारायण यादव, रणधिर कुमार कर्ण, अशोक कुमार झा, बलविर चौधरी, बालाकृष्ण ढुंगाना, मिथलेश चन्द्र लाभ, गुञ्जेश्वर प्रसाद यादव, राम नारायण देव र भुपनारायण यादव निर्विरोध निर्वाचित भएका छन् ।

अध्यक्ष पदका दुबै उम्मेदवारले स्वच्छ न्यायिक वातावरणको सिर्जना, पेशागत हकहितको संरक्षण कानुन तथा न्यायमा सबैको सहज पंहुच, न्यायपालिका प्रति जनताको आस्था बढाउने लगायतका विषयमा काम गर्ने प्रतिबद्धता कानून व्यवसायी माझ राख्ने गरेका छन् ।

अध्यक्ष पदका दुबै उम्मेदवार कानुन व्यवसायी माझ निकै लोकप्रिय भएकाले कसको पल्ला भारी होला भन्ने आँकलन गर्न कठिन भएको मतदाताहरुको भनाई छ ।

२ वर्षे कार्यकालका लागी हुने एशोसिएशनको निर्वाचनमा कुल २ सय ३ मतदाता रहेको तथा मतदान सकिए कै दिन मतगणना कार्य सूरु हुने कार्यक्रम तय गरिएको निर्वाचन समितिले जनाएको छ ।

# आत्मनिर्भर बन्दै मुसहर महिला

**टुडे समाचारदाता**

लहान । तराई-मधेशका मुसहर महिला सामूहिक बचतले गर्दा आत्मनिर्भर बन्दै गएकी छन् । विगतमा आफ्नो झुपडीलाई बोराले बेरेर बस्नुपर्ने बाध्यताकासँगै जमिन धितो राखेर ऋण पाउन पनि उनीहरूलाई सकस थियो भने सामूहिक बचतले गर्दा उनीहरुको जीवनले नयाँ स्वरुप ग्रहण गरेको छ ।

धनगढीमाई नगरपालिका-१२ आहालेका मुसहर महिला अहिले गाउँमै समूह बनाएर आत्मनिर्भर बन्दै गएकी छन् । उनीहरु प्रत्येक महिनामा समूहमा पैसा जम्मा गर्छिन् । काम परेको समयमा त्यही समूहबाट बिना धितो ऋण लिई आम्दानी भएपछि भुक्तानी गर्ने गरेकी छन् । "समूह गठन भएदेखि हामीलाई छोराछोरी पढाउन र बिरामी परेको बेला उपचार गराउन सहज भएको छ", दुर्गा महिला छलफल केन्द्रका अध्यक्ष भुटी सदायले भनिन्, "आफूले नपढे पनि छोराछोरीलाई विद्यालय पठाइरहेका छौं । स-साना कामका लागि हामी समूहकै पैसा लिएर काम चलाउने गर्छौं ।"

नागरिकता, बालविवाह, गरिबी, स्वास्थ्य र शिक्षामा उचित पहुँच र समान सहभागिता नभएको यस बस्तीका मुसहर महिलालाई आत्मनिर्भर हुन त्यति सहज थिएन । तर एक्सन-एड नेपालको सहयोगमा दलित जनकल्याण युवा क्लब लहान शाखाले स्थानीय अधिकार कार्यक्रमअन्तर्गत यहाँका महिलालाई समूह बनाएर तरकारी खेती, बाख्रापालन, बचत र अधिकारका विषयमा सचेत गराइरहेको छ ।



उक्त संस्थाले घुम्ती कोष स्थापनाका लागि २५ हजार रुपैयाँ, बाख्रापालनका लागि बाख्रा र आयआर्जनका लागि समूहमा सिटी रिक्सा, खानेपानीका लागि ट्याङ्कीलगायत सहयोग गरेको छ । समूहमा आबद्ध महिलाले मासिक रु सय नियमित बचत गर्ने गरेकी छन् ।

समूहकी सदस्य झबरी सदायले रु पाँच हजार ऋण लिएर तरकारी खेती लगाइ नियमित आम्दानी गरिरहेकी छन् । "महिनाको ५ गते नियमित बैठक बसेर हाम्रो समस्याबारे छलफल गर्ने गरेको छौं । समस्या सामाधानका लागि सामूहिकरुपमा एक अर्कालाई सहयोग गर्ने गरेका छौं", उनले भनिन्, "बाख्रा पालनबाट ३०/३५ हजार रुपैयाँ घरैपिच्छे आम्दानी गर्न सफल भएका छौं । समूहले पाएको सिटी रिक्साले गाउँका बिरामीलाई पनि अस्पताल पुऱ्याउन सहयोग भएको छ ।"

गाउँमा कोही बिरामी पर्दा संस्थाले उपलब्ध गराएको निःशुल्क सिटी रिक्साबाट नजिकको अस्पतालसम्म पुऱ्याउने गरेका छौं । यहाँका २२ घरका महिला समूहमा आबद्ध छन् । "संस्थाको २५ हजार सहयोग र हामीहरुको बचतले ८९ हजार पुगेको छ", सोही समूहकी सिवर्ती सदायले भनिन्, "हामीलाई समस्या पर्दा समूहमै छलफल गर्छौं । ज्याला बढाउन आन्दोलन पनि गर्‍यौं । हाम्रो ज्याला पनि बढेको छ तर, महिला र पुरुषबीच ज्यालामा अहिले पनि पूर्णरुपमा विभेद हट्न सकेको छैन । समूहमा आबद्ध भएदेखि बानी व्यवहारमा परिवर्तन आएको महसुस भएको छ ।"

आधारभूत आवश्यकता परिपूर्ति र अन्य सामाजिक कामका लागि साहुसित ऋण लिनुपर्ने र सो ऋणको साँवासहित चर्को ब्याज तिर्नुपर्ने अवस्थाले गर्दा एक पुस्ताले चुक्ता गर्न नसकेको ऋण अर्को पुस्ताले तिर्नुपर्ने अवस्थासमेत देखिएकाले थोरै भए पनि आर्थिक सहयोग गरेर उनीहरुको जीविकोपार्जन सहज होस् भनेर पहल गरिएको दलित जनकल्याण युवा क्लबका अध्यक्ष उमेश विसुन्केले बताए ।

# काठमाण्डुमाथि वीरगञ्जको फराकिलो जित

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल सुपर लिग (एनएसएल) मा वीरगञ्ज युनाइटेडले काठमाण्डु रेजर्समाथि फराकिलो जित निकालेको छ ।

दशरथ रंगशालामा बिहीबार भएको खेलमा वीरगन्जले शीर्ष चारको दौडमा रहेको काठमाण्डुलाई ४-१ गोलले हरायो । जितसँगै वीरगञ्जले प्लेअफ खेल्ने सम्भावना बनाएको छ । पहिलो हाफमा १-१ गोलको बराबरीमा सकिएको खेलमा दोस्रो हाफमा वीरगञ्ज हावी देखिएको थियो ।

वीरगञ्जको जितमा विलियम ओपोकुले ह्याट्रिक गरेका थिए । विलियमको यो जारी लिगकै पहिलो ह्याट्रिक हो । वीरगञ्जले अर्को गोल काठमाण्डुका अन्जन राईबाट आत्मघाती उपहार पाएको थियो । काठमाण्डुक । लागि हिसुब थपलियाले एक गोल गरे ।

जितसँगै वीरगन्ज सात खेलबाट आठ अंक बनाउँदै छैटौं स्थानमा उक्लिएको छ । पराजित काठमाण्डु समान खेलबाट नौ अंकसहित पाँचौं स्थानमा छ ।

# मधेशको क्यापटन साह सम्मानित

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश क्रिकेट टिमका कप्तान तथा राष्ट्रिय खेलाडी हरिशंकर साह सम्मानित भएको छ । विहीबार रमान्नद युवा क्लवले ३८ औं वार्षिकोत्सवको अवसरमा वशिष्ट चन्द्रकला स्मृति खेल पुरुस्कार–२०८० ले उनलाई सम्मान गरेको हो ।



मधेश प्रदेश तथा राष्ट्रिय खेलमा साहले दिएको योगदानलाई मूल्यांकन गर्दै आयोजक संस्थाले नगद रु २१ हजार राशिसहित सम्मान गरेका छन् । यसअघि यस पुरुस्कारबाट पुर्व खेलाडी तथा विभागिय टिम त्रिभुवन आर्मीका टिम म्यानेजर अनिल मण्डल सम्मानित भएका थिए ।

हरिशंकर मधेश प्रदेश क्रिकेट टिमको क्यापटन भएको एक वर्ष पुरा भएको छ । यी अवधीमा उनको नेतृत्वमा तीन वटा राष्ट्रिय प्रतियोगिता मधेश टिमले खलेका छन् । जसमध्ये पोखरामा भएको केपी ओली कपमा हरिशंकरको उत्कृष्ट प्रर्दशनमा मधेश प्रदेश टिम उपाधी उचालेको थियो । हरिशंकर उक्त प्रतियोगितामा म्यान अफ द सिरिज भएको थियो ।

यस्तै, गत वर्ष जनकपुरधाममा भएको महेन्द्र नारायण नीधि कपमा निरन्त टिम पाँच वटा जित हासिल गरेको थियो । त्यस्तै, काठमाण्डौंमा गत वर्ष भएको प्रधानमन्त्री कपमा पनि मधेश टिम सेमिफानलबाट बाहिर भएको थियो ।


## धुम्रपान र मद्यपान नगरौं, स्वस्थ्य जीवन बाँचौं ।

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होइन ।
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं ।
- यसले तपाई र तपाईको परिवारलाई असर पुऱ्याउँछ ।

**त्यसैले,**

**धुम्रपान र मद्यपान नगरौं, स्वस्थ्य जीवन बाँचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८